# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १६१ | काठमाडौं | सोमबार, १४ असोज २०८१ | Prabhab National Daily | Monday, September 30, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

प्राकृतिक विपद्को कहर

## ऊर्जा र सिँचाइतर्फ तीन अर्ब ८० करोडको क्षति

### ऊर्जातर्फ दुई अर्ब ४५ करोड र सिँचाइतर्फ एक अर्ब ३५ करोड रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान

- माथिल्लो तामाकोशीको बाँधस्थल तथा बालुवा थिग्र्याउने पोखरी, नियन्त्रण कक्ष रहेको भवनमा क्षति, सुरक्षाकर्मी र अन्य कामदार गरी चार जना बेपत्ता ।
- बागमती साना जलविद्युत् आयोजनाको 'पावर हाउस' पूर्णरूपमा डुबान । खानीखोला हाइड्रोपावर, माण्डु हाइड्रोपावरलगायतका आयोजनाको विद्युत् उत्पादन बन्द ।
- गत वर्षको बाढीले क्षतिग्रस्त हेवाखोला जलविद्युत् आयोजनाको पुनर्निर्माण सकेर सञ्चालनमा आउनै लाग्दा आयोजना पुनः क्षतिग्रस्त । विद्युत् उत्पादन पनि बन्द ।
- तल्लो हेवाखोला जलविद्युत् आयोजनाको पनि बिजुली उत्पादन बन्द ।
- सोलु दूधकोशी जलविद्युत् आयोजनाको बाँधस्थलमा क्षति पुग्दा विद्युत् उत्पादन बन्द ।
- माइखोला क्यासकेड जलविद्युत् आयोजनाको बाँधलगायतका संरचनामा क्षति ।



■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले अविरल वर्षाका कारण देशभरका २६ वटा जलविद्युत् आयोजनामा क्षति पुगेको प्रारम्भिक निष्कर्ष निकालेको छ । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयमा आइतबार आयोजित पत्रकार सम्मेलनमा ऊर्जामन्त्री दीपक खड्काले आइतबारसम्मको विवरणअनुसार दुई अर्ब ४५ करोड रूपैयाँबराबरको क्षति भएको जानकारी दिए ।

उनले भने 'हामीले प्रारम्भिक विवरणका आधारमा यो तथ्यांक उल्लेख गरेका हौं । थप क्षति भएको हुनसक्छ । बाढीका कारण झण्डै एक हजार १०० मेगावाट विद्युत् उत्पादन रोकिएको छ । कूल एक हजार १० मेगावाट जडित क्षमताको १५ वटा निर्माणाधीन आयोजनामा क्षति पुगेको छ ।'

तामाकोसी नदीको कटानका कारण खिम्ती लामोसाँघु प्रसारण लाइनको टावर बगाउँदा २०० मेगावाट बराबरको बिजुली प्रणालीमा जोड्न समस्या भएको त्यस अवसरमा जानकारी दिइयो । सोही प्रसारणलाइन भएर काठमाडौंका लागि बिजुली ल्याउने गरिएको छ । यस्तै दोलखा, रामेछापका विभिन्न आयोजनाको ८०० मेगावाट बराबरको बिजुली प्रवाह गर्ने टावरसमेत जोखिममा परेका छन् । मन्त्री खड्काले क्षति पुगेका आयोजनाको पुनर्निर्माणका लागि तत्काल आवश्यक पहल गरिने जानकारी दिए ।

(क्रमशः पृष्ठ २ मा)

# सरकारको लापारवाहीले ठूलो क्षति

मौसम पूर्वानुमान विभागले भारी वर्षा हुन्छ भनेपछि गृह मन्त्रालयले त्यस प्रकारको तदारूकता नदेखाएको देखियो । सडक अवरोध हुने कुरा पूर्वानुमान गर्न सकिन्थ्यो । प्रभावको पनि पूर्वामानुमान गर्न सकिन्थ्यो ।

■ **डा. गंगालाल तुलाधर**
**विपद् व्यवस्थापनविज्ञ**

भारी वर्षा हुन्छ भन्ने पूर्वसूचना पाउँदापाउँदै सरकारले तयारी गरेन, जसकारण धेरै क्षति भयो । मन्त्री क्वार्टरकै छेउबाट नागरिक बगेको घटनाले राज्यलाई अलिकति पनि छोएन । सरकारको यो चरम लापारवाही हो ।

■ **डा. शेखर कोइराला**
**नेता, नेपाली कांग्रेस**



धादिङको धुनिबेसी नगरपालिका-९ झ्याप्ले खोलाको पहिरोमा पुरिएको सवारी डोजरको सहायताले निकाल्दै उद्धारकर्मी ।
*तस्बिर: शंकर श्रेष्ठ/रासस*

- बाढीपहिरोबाट मृत्यु हुनेको संख्या १७० पुग्यो, अझै ४३ जना बेपत्ता
- विपद्मा फसेका तीन हजार ६६१ जनाको उद्धार
- उद्धार, राहत र पुनःस्थापनालाई प्रभावकारी बनाउने सर्वदलीय बैठकको निर्णय
- सत्ता साझेदार दलका नेताहरूबाटै सरकारको आलोचना

■ जेबी योञ्जन

**काठमाडौं–** गएको बिहीबारदेखि तीन दिन लगातार परेको वर्षाबाट देशभर नै प्रभाव परे पनि १४ जिल्ला अतिप्रभावित भएका छन् । शुक्रबार र शनिबार देशभरका २५ स्थानमा रेकर्ड तोडिनेगरी वर्षा भयो । निरन्तरको वर्षापछि आएको बाढीपहिरोले ठूलो जनधनको क्षति पुऱ्याएको छ ।

आइतबारसम्मको तथ्यांकअनुसार बाढीपहिरोमा परी मृत्यु हुनेको संख्या १७० पुगेको छ । अझै ४३ जनाभन्दा बढी बेपत्ता छन् । यस विपत्तिमा परी १११ जना घाइते भएका छन् । तीन हजार ६६१ जनाको आइतबार हेलिकप्टरमार्फत उद्धार गरिएको छ ।

सडक, बिजुलीदेखि स्वास्थ्यलगायत पूर्वाधारमा अर्बौं अर्बको क्षति पुगेको छ । ध्वंशात्मक बाढीपहिरोले जनता आकुलव्याकुल छन् । राहतको खाँचो छ । विस्थापितहरूलाई पुनःस्थापनाको जरुरी छ । घाइतेको उपचारका लागि सहजीकरण गर्नुपर्ने छ । तर, यी कार्यमा सुस्त देखिएको भन्दै सरकारको तौतर्फी आलोचना भएको छ । देश विपद्मा डुबेको बेला प्रधानमन्त्री केपी शर्मा ओली भने अमेरिकामै भुलिरहेका छन् । हुन त उनले सामाजिक सञ्जालमार्फत चासो दिइरहेका छन् । तर, विपद्को बेला मुलुकको अभिभावकीय भूमिकामा रहेका प्रधानमन्त्री ओली भ्रमण छोटचाएर स्वदेश फर्कनुपर्नेमा त्यसतर्फ उनको ध्यान नगएकोप्रति तीव्र आलोचना सुनिएको छ ।

जनताको तहबाट भएको आलोचनाबीच आइतबार कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहले सर्वदलीय बैठक आह्वान गरे । बैठकमा गृहमन्त्री रमेश लेखकले विपद्बारे पूर्वसूचना हुनाले क्षति कम गर्न सकिएको दाबी गरे । वर्षात् हुन्छ भन्ने पूर्वानुमान भएको अवस्थामा यति धेरै जनधनको क्षति किन भयो भन्ने प्रश्नमा जवाफ दिँदै गृहमन्त्री रमेश लेखकले प्रयत्न गरे

(क्रमशः पृष्ठ २ मा)

### झ्याप्लेखोलाबाट थप २१ जनाको शव निकालियो

धादिङ र काठमाडौंको सिमाना पर्ने झ्याप्लेखोलामा पहिरोले पुरिएका सवारीसधानबाट थप २१ जनाको शव निकालिएको छ । धादिङको धुनिबेसी नगरपालिका-९ स्थित राजमार्गमा खसेको पहिरोले पुरिएका सवारीसाधनबाट ती शव आइतबार निकालिएको हो । यससँगै उक्त स्थानमा मृत्यु हुने यात्रुको संख्या ३५ पुगेको छ । शनिबार १४ जनाको शव निकालिएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

## बाढीपहिरोका कारण कोरिया जाने श्रमिकको स्वास्थ्य परीक्षण स्थगित

### अवस्था सहज भएपछि परीक्षण गराउन सकिने

■ प्रभाव संवाददाता




**काठमाडौं–** दक्षिण कोरियामा जान रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत भाषा तथा सीप परीक्षण उत्तीर्ण गरेका श्रमिकहरूको स्वास्थ्य परीक्षण स्थगित भएको छ । भारी वर्षाका कारण देशका अधिकांश भू-भागमा आएको बाढीपहिरोले यातायात आवागमन अवरुद्ध भएपछि स्वास्थ्य परीक्षण कार्य हाललाई स्थगित गरिएको वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले जानकारी दिएको छ ।

शाखाले आइतबार एक सूचना जारी गर्दै अब यातायातको सहज अवस्था भएपछि मात्रै स्वास्थ्य परीक्षण गराउन सकिने उल्लेख गरेको छ । शाखाले इपिएस भाषा परीक्षामार्फत उत्पादनमूलक क्षेत्रतर्फको दोस्रो चरणको कोरियन भाषा परीक्षा र सीप परीक्षणमा पास भएकालाई स्वास्थ्य परीक्षणका लागि असोज १४ गतेसम्मको समय दिइएको थियो । तर, बाढीपहिरोका कारण यातायातमा भएको समस्या सुधार र सुरक्षित नभएसम्म स्वास्थ्य परीक्षण नगराउने निर्णय गरिएको शाखाले जनाएको छ ।

अविरल वर्षाका कारण आएको बाढीपहिरोले ठाउँ-ठाउँमा बाटो अवरुद्ध भई जनजीवन प्रभावित भएकाले तोकिएको समयमा स्वास्थ्य परीक्षण गर्न नसकेकालाई यातायात सहज र सुरक्षित भएपछि स्वास्थ्य परीक्षण गराउँदा हुने बताइएको छ । यद्यपि, स्वास्थ्य परीक्षण कहिलेसम्म गरिसक्नुपर्ने भन्ने उल्लेख नगरेको शाखाले दसैंअघि नै गर्नुपर्ने संकेत गरेको छ । स्वास्थ्य परीक्षण कार्य सम्पन्न भएपछि दसैं बिदा सकेर अर्थात् यही असोज २९ पछिमात्रै रोजगार आवेदन फाराम इपिएस शाखाबाट एचआरडी कोरियाको सफ्टवेयरमा इन्ट्री गरी पठाउने शाखाले जनाएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## साउदीमा हप्तैपिच्छे 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)–** साउदी अरेबियाले रोजगारीका क्रममा विभिन्न समस्या झेलिरहेका नेपाली कामदारहरूलाई हप्तैपिच्छे बहिर्गमन 'एक्जिट' भिसा दिन थालेको छ । साउदीस्थित नेपाली दूतावासको समन्वयमा त्यहाँको अध्यागमन कार्यालयले अवैधरूपमा रहेका नेपालीहरूको सहजरूपमा स्वदेश फिर्तिका लागि एक्जिट भिसा दिने गरेको हो ।

केही महिनाबाट हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका नेपालीहरूले हप्तैपिच्छे एक्जिट भिसा पाउन थालेको दूतावासले जनाएको छ । गत बिहीबारमात्रै थप २८ जना नेपाली कामदारले एक्जिट भिसा पाएको दूतावासले उल्लेख गरेको छ । गैरकानुनीरूपमा रहेका आप्रवासी कामदारलाई स्वदेश फर्कन दिने नीतिअनुरूप साउदी अध्यागमनले विदेशी श्रमिकलाई एक्जिट भिसा दिइरहेको छ ।

यस्तो भिसा दिन थालेयता चार हजार ५०० भन्दा बढी नेपाली स्वदेश फर्किसकेको दूतावासले जनाएको छ । एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने भएकाले यसबापत कुनै पनि निकायमा शुल्क बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरुब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने दूतावासले प्रस्ट पारेको छ । साथै, भिसा दिने सम्पूर्ण अधिकार साउदी अध्यागमन कार्यालयसँग मात्रै हुने उल्लेख गरिएको छ ।

## प्रेस विज्ञप्ति

नेपालमा आर्थिक मेरूदण्डको रूपमा लिइएको वैदेशिक रोजगारको क्षेत्रमा भईरहेका विकृति र विसंगती सम्बन्धमा हामी राम्रोसँग जानकार छौं र क्रमिकरूपमा यस क्षेत्रमा सुधार भईरहेको र यो क्षेत्र सुधार गर्नमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको महत्वपूर्ण भुमिका रहेको पनि जानकारी गराउन चाहान्छौं । नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन आफ्नो स्थापनाकालदेखि नै सदैव श्रमिकहरूको पक्षमा छ र त्यहि श्रमिकहरूलाई विश्वबजारका रोजगारीका अवसरहरु खोजअध्ययन गरेर प्रदान गर्ने ईजाजतप्राप्त वैदेशिक रोजगार व्यवसायी संस्थाहरूको साथमा छ । न्याय र सत्यको पक्षमा छ र सदैव रहनेछ साथै वैदेशिक रोजगारका क्षेत्र र यस क्षेत्र सुधारका लागि आवश्यक कदम चाल्न सदैव तयार छ तर यस क्षेत्रलाई धमिलो बनाएर धमिलो पानीमा माछा मार्न खोज्ने साथै कानुन, ऐन, नियम, निर्देशिका, कार्यबिधि, मापदण्ड साथै न्यायिक निकायहरूको छिद्रहरु खोजी त्यसको दुरूपयोग गरी कोहि कसैले व्यक्तिगत लाभ लिन खोजेमा त्यसको प्रतिकारमा उत्रने र गलत कुराको बिरूद्धमा आफ्ना आवाजहरु बुलन्द बनाउने साथै श्रमिकहरूका पिडा र व्यवसायीका मर्का साथ दिने बिषयमा लोकतान्त्रिक एशोसिएसन सधै तयारी र सधै अगाडी रहेको यसै प्रेश विज्ञप्तीमार्फत स्मरण गराउन चाहान्छौं ।

श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलले '**अभिमुखिकरण तालिम सञ्चालन कार्यविधि २०७६**' लाई मिति २०८०।०६।०७ दोश्रो पटक संसोधन गरी मूल कार्यबिधिको दफा ५ मा उपदफा (ख) थप गरी बिदेश जाने कामदारले अनलाईनमार्फत भाषा तथा अभिमुखिकरण तालिमको परीक्षा दिई कम्तिमा ५० प्रतिशत अंक ल्याएपछि मात्र उतिर्ण हुने अनि सो को प्रमाणपत्र पेश गरेपछि मात्र श्रम स्वीकृति पाउने साथै मुल कार्यबिधिको दफा ६ को उपदफा (१) र (२) मा संशोधन गरी २ दिने तालिमलाई ३ दिने बनाई (पहिलो र दोश्रो दिन अंग्रेजी भाषा र तेश्रो दिन जुन देश जाने हो त्यहि देशको देशगत भाषा) अर्थात भाषा कक्षा समेत अध्ययन गनुपर्ने र परीक्षा दिनै पर्ने बाध्यत्मक निति बनाई थप गरिएको थियो जसमा भाषा अध्ययन, परीक्षा र प्रमाणपत्र शुल्क भनी २८०० लिने गरी मुल कार्यविधिको दफा १६ समेत संशोधन गरिएको सम्बन्धमा मन्त्रालयले नै पुनः मिति २०८१।०१।०६ गते मन्त्रिस्तरीय निर्णय गरी संशोधित कार्यविधि खारेज गरेको साथै उक्त संशोधित कार्यविधि सम्बन्धमा सम्मानित सर्वोच्च अदातलमा समेत रिट पुगेको र हाल सम्म पनि अदातलमा विचाराधिन रहेको अवस्था छ, तर पनि पुनः मिति २०८१।०४।२९ गते श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सोहि कार्यविधि भित्र समावेश गरीएका Face Time Attendance and Irish Recognition System लागु गर्न निर्देशन दिएको साथै विभागले मिति २०८१/०६/१५ गते देखि माथि उल्लेखित System लागु गर्न खोजिएको देखिएकाले यो मिति २०८०।०६।०७ मा दाश्रो पटक संशोधन हुन लागेको कार्यबिधि नै क्रमिकरूपमा अन्य तरीकाले निर्णय गरी लागु हुबहु गर्न खोजिएको देखिन्छ, यसरी नै क्रमिकरूपमा व्यवसायी र व्यवसायसँग प्रत्यक्ष सरोकार राख्ने संघसंस्थालाई बाहिर राखेर व्यवासयी र कामदारलाई मार र भार पार्ने यस्ता निर्णयहरूको सम्बन्धमा लोकतान्त्रिक एशोसिएसन गम्भिर ध्यानाकर्षण भएको छ ।

अभिमुखिकरण तालिम संचालन मूल कार्यविधिलाई सँसोधन गरी थप गरीएका वा संशोधित दफा र उपदफाहरूका कारण हाम्रो वैदेशिक रोजगारीको क्षेत्रमा दिर्घकालिनरूपमा ठुलो नकारात्मक असर पर्ने देखिन्छ । पहिलो कुरा परीक्षा अनिवार्य त्यसमा पनि ५० प्रतिशत अँकमा मात्र उतिर्ण भनेको नपढेका वा कम पढेका कामदारहरु विदेश जान नपाउने सँम्भावना देखियो वा त्यसमा गलत नियत भएका अनाधिकृत वा यस क्षेत्र सँग सम्बन्ध नै नभएकाहरूले चलखेल हुने स्पष्ट देखियो । दोश्रो कुरा सामान्यतया अभिमुखिकरण तालिम भिषा प्राप्त भईसके पछी र विदेश जानुपुर्व मात्र गरीन्छ यसो गर्दा भिषा आएका कामदारहरु समेत फेल हुने र विदेश जान नपाउने प्रयाप्त सँभावना देखियो जसको प्रत्यक्षरूपमा असर रोजगारदाता कम्पनी र हामी ईजाजतवाला मेनपावरलाई पर्ने देखिन्छ, यदि भिषा आएका कामदारहरूलाई बिदेश पठाउन सकिएन भने हामी व्यवसायीहरूले ठुलो रकम क्षतिपुर्ति वापत रोजगारदातालाई बुझाउनुपर्ने अवस्था आउँछ अनि अर्को पटक देखि त्यहि रोजगारीको अवसर अन्यत्र मुलुकमा जाने खतरा समेत बढनेछ । तेश्रो कुरा २ दिने तालिम ३ दिने बनाईयो जसले कामदारहरूले बसोबासका लागि थप आर्थिक भार भोग्नुपर्ने देखियो । अर्को महत्वपूर्ण कुरा चाहिँ ७०० मा भईरहेको तालिम शुल्क बढाएर २८०० बनाईदैछ, जुन ४ गुणाले बृद्धि हो र यो सरासर सुनियोजितरूपमा केहि सिण्डीकेटधारीहरूसँग सम्बन्धित सरकारी पक्षहरु समेतको मिलेमतोमा विभिन्न प्रकारका चलखेल गरी नीतिगतरूपमा नै षड्यन्त्र हुन लागेको स्पष्ट छ ।

वैदेशिक रोजगारीलाई विभिन्न पक्षहरूले दुरूपयोग गर्न खोजिरहेको देखिन्छ, अनाधिकृत व्यक्तिहरूले नाजायज फाईदा लुट्ने ठाँउ बनाउन खोजीरहेको देखिन्छ साथै यस्ता कार्यमा वैदेशिक रोजगार सँग सम्बधित अन्य सँघसंस्थाहरु पनि मौन बसेको देखिन्छ । संशोधित कार्यविधि भित्रका गलत नियतले राखिएका दफाहरूले दीर्घकालीन असर पार्ने स्पष्ट छ । यस सम्बन्धमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघको पनि विशेष ध्यानाकर्षण गराउन चाहान्छौं । व्यवसायीहरूको छाता सँगठन भएको कारण अझैपनि आफ्ना प्राथमिकताहरूमा व्यवसायीका साझा समस्याहरूलाई राख्न र यथासक्य चाँडोभन्दा चाँडो व्यवसायी र कामदारलाई असर पर्ने यस्ता विषयहरूमा आवश्यक कदम चाल्न पनि हार्दिक अपिल गर्दछौं साथै व्यवसायीलाई अन्यायमा पार्ने र कामदारहरूलाई थप आर्थिक भार थपि फाईदा लिने सोच राख्नेहरूका विरूद्ध एशोसिएसन सँस्थागतरूपमा प्रतिरोध गर्न सदैव तयार छ, साथै यस्ता निर्णयहरूलाई तुरून्तै सच्याउन हामी सम्बन्धित निकायहरूलाई अपिल गर्दछौं र यदि यी र यस्ता निर्णयहरूलाई नसच्याए श्रमिक र व्यवसायीहरूको अधिकारको रक्षाको लागि आन्दोलनका कार्यक्रम ल्याउन बाध्य हुनेछौं ।

जय वैदेशिक रोजगार !

**महेश कुमार बस्नेत**
महासचिव

**दिपक थापा**
अध्यक्ष

**नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन**
नयाँ बानेश्वर, काठमाडौं, नेपाल

**पृष्ठ १ बाट क्रमशः**

## सरकारको...

पनि साधन स्रोतको अभावका कारण उद्धार कार्यमा कठिनाइ भएको बैठकमा बताएका थिए । 'उद्धारका लागि आवश्यक सामग्री नभएको अवस्थामा हामीले व्यवस्थापन गर्न लागेका थियौं । गर्दागर्दै धनजनको क्षति भएको हो भन्ने कुरा राख्नुभयो,' बैठकमा सहभागी एक नेताले भने । उनका अनुसार गृहमन्त्री लेखकले प्रयत्न गर्दागर्दै काम गर्न सकेजति र सम्भव भएजति गरेको पनि बताएका थिए । तर, मन्त्री लेखकले दाबी गरेजस्तो क्षति कम भने भएको छैन र उनको दाबीलाई आइतबार साँझसम्म १७० जनाको मृत्यु र ४३ जना बेपत्ता भएको घटना विवरणले नै खण्डित गरिदिएको छ । त्यसो त शनिबार राजधानीमै उद्धार कार्यमा देखिएको कमजोरीले सरकारको तयारी उदांगो पारेको थियो ।

विपद् व्यवस्थापनविज्ञ डा. गंगालाल तुलाधर गृह मन्त्रालयले राम्रोसँग मातहतका निकायलाई परिचालन गर्नै नसकेको बताउँछन् । अन्तरनिकाय समन्वय गर्नसमेत चुकेको उनलाई लाग्छ । मनसुन प्रतिकार्यअनुसार सबै तयारी अवस्थामा छ भन्ने गृहमन्त्री लेखकको दाबी आधारहीन देखिएको उनले बताए । उनले प्रभावसँग भने, 'सशस्त्र प्रहरीलाई स्रोत साधनसम्पन्न बनाउन पनि उहाँहरूले सक्नुभएको रहेनछ । त्यसमा चुक्नुभएको रहेछ । सशस्त्रका जवानहरूलाई नै बग्दाबग्दै अर्कोले उद्धार गर्नुपर्ने देखियो । प्रतिकार्य कति कमजोर रहेछ भन्ने देखियो ।'

विपद्जन्य घटनाको विश्लेषण गर्दा सूचना जारी गर्ने काम एउटा निकायले गरेको र अर्को निकायले समन्वय नगर्दा ठूलो जनधनको क्षति पुगेको डा. तुलाधरको बुझाइ छ । 'मौसम पूर्वानुमान विभागले भारी वर्षा हुन्छ भनेपछि गृह मन्त्रालयले त्यस प्रकारको तदारुकता नदेखाएको देखियो । सडक अवरोध हुने कुरा पूर्वानुमान गर्न सकिन्थ्यो । प्रभावको पनि पूर्वानुमान गर्न सकिन्थ्यो,' उनले भने ।

सरकारले यस वर्ष मनसुनजन्य विपद्बाट करिब १८ लाख एक हजार मानिस प्रभावित हुने अनुमान गत जेठमै गरेको थियो । ८३ हजार घरपरिवार मनसुनजन्य विपद्बाट प्रत्यक्ष प्रभावित हुनसक्ने र १८ हजार घरपरिवारलाई उद्धार तथा राहत दिनुपर्ने विश्लेषण विपद् प्राधिकरणको थियो । यसबीच सरकारले विपद् पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय परियोजना २०८१ तयार नगरेको पनि होइन । तर, कार्यान्वयनको चरणमा पुग्दा सरकार असफल भएको छ । नभए यति धेरै मानवीय क्षति नहुने विपद् व्यवस्थापनविज्ञ डा. तुलाधरले बताए ।

सरकारी निकायबाट उद्धार कार्यमा भएको कमजोरीलाई लिएर सत्ता गठबन्धनको प्रमुख दल नेपाली कांग्रेसका नेताहरूले सरकारको आलोचना गरेका छन् । नेता डा. शेखर कोइरालाले विपद् व्यवस्थापन र नागरिकको जिउधनको सुरक्षा गर्ने कुरामा सरकार उदासीन देखिएको आरोप लगाए । 'यतिबेला भारी वर्षा हुन्छ भन्ने थाहा पाउँदापाउँदै सरकारले तयारी गरेन, जसका कारण धेरै क्षति भयो । सरकारको यो चरम लापरवाही हो,' कोइरालाको भनाइ छ । उनले राजधानीमै हेर्दाहेर्दै र देख्दादेख्दै मान्छे बगाएको घटनालाई समेत सरकारले बेवास्ता गरेको टिप्पणी गरे । 'सरकार भनेको केवल कुर्सी र पदमात्रै होइन, मन्त्री क्वार्टरकै छेउबाट नागरिक बगेको घटनाले राज्यलाई अलिकति पनि छोएन,' उनको आक्रोश पोखे ।

कांग्रेस केन्द्रीय सदस्यसमेत रहेका सांसद शंकर भण्डारीले गृहमन्त्री रमेश लेखकमाथि प्रश्न उठाएका छन् । आइतबार विज्ञप्ति नै जारी गरेर गृहमन्त्री लेखकको भूमिकामा प्रश्न उठाएका हुन् । लेखक पनि कांग्रेसकै नेता हुन् । भण्डारीले भने, 'केही दिन अगाडिदेखि नै जल तथा मौसम विज्ञान विभागले देशमा ठूलो पानी पर्ने जोखिमको जानकारी पर्याप्त मात्रामा प्रवाह गरेको थियो । यसरी पूर्वसूचना प्राप्त हुँदाहुँदै पनि जनधनको रक्षा गर्न सरकारले जे जति तयारी गर्नु पर्दथ्यो, जति सतर्कता अपनाउनु पर्दथ्यो त्यो गर्न सकेको देखिएन ।'

उनले प्रतिकार्यका लागि गृह मन्त्रालयको तयारी नपुगेको हो वा त्यसलाई संवेदनशील हिसाबले नलिएको हो भन्दै गृहमन्त्री लेखकलाई प्रश्न गरे । उनले स्रोत साधन उपलब्ध भएको र हजारौं तालिमप्राप्त उच्च दक्ष जनशक्ति उद्धारमा परिचालन गर्न सक्ने राजधानीमै बाढीले धनजनको क्षति गर्दा सरकारले केही गर्न नसकेको बताए ।

आइतबार नेपाली कांग्रेसको केन्द्रीय कार्यसम्पादन समितिको बैठकमा पनि सरकारको कडा आलोचना भएको छ । प्रवक्ता डा. प्रकाशशरण महतले विपद्का बेला पनि स्वेदश फर्किन प्रधानमन्त्री ओली नचाहेको भन्दै रोष प्रकट गरे । 'अरू देशका प्रधाानमन्त्री संयुक्त राष्ट्रसंघको महासभामा भाग लिएर पनि स्वदेश फर्किसक्नुभयो । तर, हाम्रो प्रधानमन्त्री अमेरिकामा नै बस्नुभएको छ । यो सरकारको गैरजिम्मेवारीपना हो । मन्त्रीहरूले पनि काम गर्न सक्नुभएन,' महतको भनाइ उदृत गर्दै एक नेताले बताए ।

नेताहरूले बैठकमा मौसम पूर्वानुमान विभागले पहिला नै सचेत गराउँदा पनि कुनै वास्ता नगरेको सरकारको र मन्त्रीहरूको आलोचना भएको नेता बलबहादुर केसीले बताएका थिए । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल सरकारले सर्वदलीय बैठक बोलाउन चासो नदिएको भन्दै आफैं त्यसमा अघि सरे । आइतबार बिहान उनले सर्वदलीय बैठक बोलाएपछि बल्ल कार्यवाहक प्रधानमन्त्री सिंहले सर्वदलीय बैठक आह्वान गरे । त्यसपछि भने दाहालले बोलाएको बैठक स्थगित गरियो ।

### सर्वदलीय बैठकको निर्णय

कार्यवाहक प्रधानमन्त्री सिंहको अध्यक्षतामा सिंहदरबारमा बसेको सर्वदलीय बैठकले बाढीपहिरोमा परी प्रभावित भएका र घाइते भएकालाई तत्काल उद्धार गरी उचित वासस्थान, खाना, पानी र अन्य राहत सामग्री उपलब्ध गराउने निर्णय गरेको छ । बैठकमा संघीय संसद्मा प्रतिनिधित्व गर्ने दलका नेता, मन्त्रीलगायत उपस्थित थिए ।

बैठकले बाढीपहिरोबाट घरवास गुमाएका पीडितको पुनःस्थापनाका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँगको समन्वयमा सहरी विकास मन्त्रालयले उचित आवासको प्रबन्ध गर्न आवश्यक प्रक्रिया अगाडि बढाउने, संघीय राजधानीलाई बाँकी भू-भागसँग जोड्ने सबैजसो राजमार्गमा सानो ठूलो रोकावट आई आवागमन अवरुद्ध हुन गएको अवस्थालाई तत्काल सम्बोधन गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले आफ्नो सम्पूर्ण संयन्त्र प्रयोग गरी तत्काल बाटो खुलाउने निर्णय भएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए ।

यसैगरी ऊर्जा, जलश्रोत तथा सिँचाइ मन्त्रालयले क्षतिग्रस्त प्रसारणलाइन र विद्युत्गृहको मर्मतसम्भार गरी विद्युत् आपूर्ति र सूचना तथा सञ्चार प्रविधि मन्त्रालयले अवरुद्ध इन्टरनेट र टेलिफोन सेवा यथाशक्य छिटो सञ्चालन गर्ने, बाढीपहिरोका कारण क्षतिग्रस्त खानेपानी प्रणालीको मर्मतसम्भार गरी खानेपानी आपूर्ति गर्न खानेपानी मन्त्रालयले आवश्यक कार्य गर्ने निर्णय भएको पनि प्रवक्ता गुरुङले बताए ।

विपद्पछि महामारीको सम्भावनालाई न्यूनीकरण गर्न स्थानीय तह र प्रदेश सरकारसँगको समन्वयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक निरोधात्मक र उपचारात्मक विधि प्रयोग गरी प्रभावित क्षेत्रमा औषधि उपचार र आवश्यक जनशक्ति तथा उपकरणको व्यवस्था गर्ने निर्णय गरिएको छ । बैठकले विपद्को चपेटामा परेका नागरिक र आउँदै गरेको चाडपर्वलाई लक्षित गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले निजी क्षेत्रकोसमेत सहभागितामा खाद्यान्न, तरकारी, फलफूल, ग्याँसलगायत अत्यावश्यक दैनिक उपभोग्य सामान सुपथ मूल्यमा सजिलै प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने निर्णय गरेको छ ।

साथै बाढीका कारण क्षतिग्रस्त पुल, सडक, विद्यालय, स्वास्थ्य चौकी, सुरक्षा निकायका भवन, विद्युत् संरचनालगायत पूर्वाधार र कृषि तथा पशुपन्छी क्षेत्रमा भएको क्षतिको विवरण सम्बन्धित मन्त्रालयले संकलन गरी पुनर्निर्माणको लागि आवश्यक प्रक्रिया अघि बढाउने बैठकको निर्णय छ ।

विपद्को घडीमा सबै राजनीतिक दल, तीनै तहका सरकार र निजी क्षेत्रसमेतको समन्वयात्मक एवं एकीकृत प्रयासमा उद्धार, राहत र पुनःस्थापनाको काम गर्ने तथा प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा सहयोग गर्न सम्पूर्ण निजी क्षेत्र, आमनागरिक र संघसंस्थालाई अपिल गर्ने निर्णय गरिएको राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानबहादुर शाहीले बताए ।

●●●

## ऊर्जा र सिँचाइतर्फ ...

पहिलो चरणमा क्षतिको सम्पूर्ण विवरण संकलन गर्ने, पुनर्निर्माण र पुनःस्थापना कार्यलाई विशेष ध्यान दिइने छ । यसका लागि सरकारका सबै संयन्त्र परिचालन गर्ने छौं,' उनले भने ।

यस्तै, प्रसारणलाइनतर्फ काबेली करिडोरअन्तर्गतको दमक गोदक १३२ केभी प्रसारणलाइन, खिम्ती लामोसाँघु १३२ केभी, सोलु करिडोरमा क्षति पुगेको छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङकानुसार बाढीपहिरोका कारण माथिल्लो तामाकोशी जलविद्युत् आयोजना बन्द भएको छ । सो आयोजनाको बाँधस्थलमा रहेको नियन्त्रण कक्ष भवनमा क्षति पुगेको छ । यस्तै, बालुवा थिग्र्याउने पोखरीलगायतका संरचनामा क्षति पुगी विगत तीन दिनदेखि बन्द रहेको सो आयोजनाको सम्पूर्ण विवरण संकलन गर्नसमेत हालसम्म समस्या रहेको उनले बताए ।

'काबेली करिडोरमा समस्या आउँदा इलाम र पाँचथरमा बिजुली प्रवाहका लागि समस्या भएको छ । झापाबाट वैकल्पिक व्यवस्था गरेर बिजुली उपलब्ध गराउने प्रयास भइरहेकाले आज (आइतबार) अबेरसम्म सो कार्य सम्भव हुने विश्वास छ,' कार्यकारी निर्देशक घिसिङको भनाइ थियो ।

यस्तै, सिँचाइतर्फ एक अर्ब ३५ करोड रूपैयाँबराबरको क्षति पुगेको छ । सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको कफर डचाम डुबानमा परेको छ । रामेछाप र सिन्धुली जोड्ने पक्की पुल बगाएकाले क्षतिको तत्काल अनुमान गर्न गाह्रो भएको जनाइएको छ । कमला, नारायणी सिँचाइ आयोजनालगायतमा क्षति पुगेको मन्त्रालयले जनाएको छ । सुनसरी मोरङ सिँचाइ आयोजनाका १० वटा शाखा नहरमा सामान्य क्षति हुँदा पाँच करोड रूपैयाँबराबर क्षति भएको अनुमान गरिएको छ ।

●●●

## झ्याप्लेखोलाबाट...

आइतबार बिहानैदेखि खटिएको उद्धार टोलीले १७ पुरुष र चार जना महिलाको शव निकालेको हो । जिल्ला प्रहरी कार्यालय धादिङका प्रहरी निरीक्षक एवं सूचना अधिकारी प्रह्लाद सिलवालले पहिरोमा भेटिएका सबै शव परीक्षणका लागि त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्ज पठाइएको जानकारी दिए ।

यसैबीच आइतबार साँझदेखि नागढुंगा-मुग्लिन सडक एकतर्फी सञ्चालनमा आएको छ । आइतबार साँझ ६ बजे पहिरो पन्छाएर एकतर्फी यातायात सञ्चालनमा ल्याइएको नागढुंगा-मुग्लिन सडक योजना कार्यालयका प्रमुख केशवप्रसाद ओझाले बताए । उनले काठमाडौं आउन रोकिएका सवारीसाधनलाई एकतर्फी छाडिएको बताए । पहिरोले सडक अवरुद्ध बनेपछि अलपत्र परेका यात्रुहरूलाई सुरुङमार्गबाटसमेत उद्धार गरिएको थियो । आइतबार साना सवारीहरूलाई सुरुङमार्गबाट आउन अनुमति दिइएको थियो ।

●●●

## बाढीपहिरोका...

उत्पादनमूलक क्षेत्रतर्फको दोस्रो सिफ्टको कोरियन भाषा परीक्षा उत्तीर्ण गरेका आठ हजार ९३२ जनामध्ये आठ हजार १५१ जना सीप परीक्षणबाट छानिएका थिए । उनीहरूलाई असोज १४ गतेभित्र तोकिएको अस्पतालमा गएर स्वास्थ्य परीक्षण गराउन शाखाले गत ६ गते एक सूचना जारी गरेको थियो । यद्यपि, शाखाले बाढीपहिरोका कारण तोकिएको अस्पतालमा सम्पर्क गर्न नसकेका व्यक्तिहरूको सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर स्वास्थ्य परीक्षण गर्ने कार्य पछि गराउन सकिने व्यवस्था गरेको बताएको छ ।

रोजगारीको आकर्षक गन्तव्य दक्षिण कोरियामा जिटुजी सम्झौताअनुसार सन् २००८ देखि इपिएस प्रणालीमार्फत सरकारले नेपाली कामदार पठाउँदै आएको । त्यसका लागि भाषा परीक्षा अनिवार्य उत्तीर्ण भएको हुनुपर्ने व्यवस्था छ । पछिल्लो समय भाषा परीक्षा उत्तीर्ण गरी सीप परीक्षणसमेत उत्तीर्ण भएकालाई मात्र कोरिया रोजगारीको रोस्टरमा राख्ने गरिएको शाखाले जनाएको छ ।

---

**रौतामाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
भुट्टार, उदयपुर
कोशी प्रदेश, नेपाल

**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८१।०६।१४

यस कार्यालयको मिति २०८१।०५।२१ को **"Procurement and Supply of Sanitary Pads distribution and management for school girls"** सम्बन्धी ठेक्काको दरभाउपत्र आह्वानको प्रकाशित सूचना अनुसार दर्ता हुन आएका दरभाउपत्रहरु मध्ये तपसिलमा उल्लेख भएका बोलपत्र न्यूनतम् मूल्याकिंत सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ को उपनियम १० प्रयोजनका लागि सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | बोलपत्र ठेक्का नं. | कामको विवरण | छनौट भएको दरभाउपत्रदाताको नाम | कबोल गरेको रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| १. | RRM/SQ/Goods /03/2081-082 | *Procurement and Supply of Sanitary Pads distribution and management for school girls* | **Hertz Engineering Private Limited** | रू. ७,७२,९२०।०० |

प्रमुख प्रशासकीय अधिकृत

---

**श्री नं.१ वन तथा पर्यावरण सुरक्षा गण, रानिबास व्यारेक, सिन्धुली**

**तारवार सहित वृक्षारोपण, भवन निर्माण र तालतलैया संरक्षण तथा व्यवस्थापनको e-GP बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८१/०६/१४ गते) ठेक्का सूचना NA/No1fes/081/82/01,02

१. यस गणले सिरहा जिल्ला स्थित धनगडिमाई न.पा. १२/१३ गड्मे स्थित तारबार सहित वृक्षारोपण तथा भवन निर्माण र तालतलैया संरक्षण तथा व्यवस्थापनको लागी e-GP System को माध्यमबाट बोलपत्र आव्हान गरिएको हुँदा नेपाल सरकारबाट सम्बन्धित कामको लागि ईजाजत प्राप्त इच्छुक फर्म/कम्पनि/सप्लार्यसहरूले बिस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट http://www.bolpatra.gov.np/egp मा हेर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।
२. विद्युतिय माध्यमबाट बोलपत्र अपलोड गर्नु पर्ने अन्तिम मिति २०८१/०७/१४ गतेको १२:०० बजेभित्र र बोलपत्र खोलुवा सोही दिनको १३:०० बजे गण कार्यालय रानिबासमा हुनेछ ।
३. थप जानकारीको लागी यस गण कार्यालयको फोन नं. ९८५४०४५६१९ मा समेत सम्पर्क गर्न सक्नु हुनेछ ।

बोलपत्रको विवरण

| सि. नं. | कामको बिवरण | बोलपत्र मान्य अवधि | बोलपत्र दस्तुर रु. | लागत अनुमान रकम रु.(मु.अ.कर बाहेक) | बोलपत्र जमानत रु. | कै |
|---|---|---|---|---|---|---|
| १. | सिराहा जिल्ला धनगडिमाई न.पा.१२ र १३ गड्मेमा तारबार सहित वृक्षारोपण र भवन निर्माण | ९० दिन | ३०००।० | ८७,९९,९७४।०८ | २,५०,०००।०० | |
| २. | सप्तरी जिल्ला सुरुङ्गा न.पा.३ लक्ष्मणपुरमा तालतलैया संरक्षण तथा व्यवस्थापन | ९० दिन | ३०००।० | १,२७,६४,१२३।४७ | ३,६१,०००।०० | |

---

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाडौं**
**सडक डिभिजन चरिकोट**

**आर्थिक प्रस्ताव खोलिने सूचना**

**प्रकाशन मिति: २०८१/०६/१४**

यस कार्यालयको मिति २०८१/०४/३२ को सौर्य राष्ट्रिय दैनिकमा प्रकाशित सूचना नं ०४-०८१/८२ अनुसार मिति २०८१/०५/३१ मा खुलेको प्राविधिक प्रस्तावको प्राविधिक मूल्यांकनबाट सफल भएका तपसिल बमोजिमका निर्माण व्यवसायीहरुको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ज)(५) अनुसार आर्थिक प्रस्ताव खोल्नको लागि सूचना सम्बन्धित सम्पूर्ण बोलपत्रदाताको जानकारीको लागि जारी गरिएको छ ।

तपसिल

| Contract No | आर्थिक मूल्यांकनको लागि छनौट भएका निर्माण व्यवसायीको नाम |
|---|---|
| RDCHT/33701169/081/82-21 (Road Construction/Improvement works on Dauthedada-Gaitar-Pipalbot-Chipledhunga-Budhichaur Sadak, Sindhupalchwok) | 1. A.L. is Well Construction Pvt. Ltd.<br>2. Mahavir/Basnet JV<br>3. Nirmal/Kapil JV<br>4. S.R.B. Builders Pvt. Ltd.<br>5. K and J Construction Pvt. Ltd.<br>6. DSB/SL JV<br>7. Pasa Engineering & Construction Company Pvt. Ltd. |

**आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थानः २०८१/०६/२१ गते दिनको १:०० बजे, सडक डिभिजन चरिकोट ।**

डिभिजन प्रमुख

---

**नेपाल उड इण्डष्ट्रिज प्रा.लि.का संचालक राज कुमार बस्नेतको नाममा १५ दिने सार्वजनिक सूचना**

का.म.न.पा वडा नं. ६ बौद्धस्थित कित्ता नं.२४ छेत्रफल १२५५.३८ वर्ग मिटर रहेको ल्हाक्पा डोमा लामा नामको जग्गा मा २०७९ कार्तिकदेखि हालसम्म भुक्तानि नगरि नेपाल उड इण्डष्ट्रिज प्रा.लि. का संचालक राज कुमार बस्नेत सम्पर्क बिहिन भएकोले आजका मितिदेखि १५ दिन भित्र उक्त संस्थाका संचालक सम्पर्कमा आइदिनुहोला अन्यथा कानुन बमोजिम कार्यवाही प्रक्रिया अगाडि बढाइने व्यहोरा यसै सूचनाद्वारा सुचित गराईन्छ ।

ल्हाक्पा डोमा लामा
का.म.न.पा वडा नं. ६ बौद्ध

---

**कम्पनीको नाम तथा स्थान परिवर्तन सम्बन्धि सूचना !**

यस कसमस इन्टरनेशल कलेज प्रा.लि. (कम्पनी दर्ता नम्बर २५५३३/६०/६१)ले Cambridge University UK को सम्बन्धमा कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. ३ भि सि मार्गमा सञ्चालित A Level शैक्षिक कार्यक्रम सञ्चालन अनुमतिपत्र उक्त कम्पनीबाट स्थान तथा सञ्चालन स्वामित्व परिवर्तन गरि कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. ३० सिसुवामा बिटिश कलेज पोखरा प्रा.लि. को नामबाट उक्त A Level शैक्षिक कार्यक्रम सञ्चालन गर्न लागेको हुंदा यस कसमस इन्टरनेशनल कलेज प्रा.लि.सँग कसैको कुनै हर-हिसाव/लेनदेन बाँकी बक्यौता एवं कुनै किसिमको गुनासो तथा दावी विरोध भएमा यो सार्वजनिक सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय उच्च शिक्षा शाखा सिंहदरबार वा यस शिक्षण संस्थामा सोझै सम्पर्क गर्नुहोला उक्त मिति भित्र कसैको उजुरी वा दावी विरोध नपरेमा प्रचलित कानून बमोजिम स्वत: भई जाने व्यहोरा सूचित गरिन्छ ।

---

**Samar Trade Concern Pvt. Ltd.**
Chabahil, Kathmandu, Nepal

| ITEM NAME | MODEL NO. | MRP |
|---|---|---|
| RANGEHOOD | HX-1 | 10050 |
| RANGEHOOD | T2 | 10300 |
| RANGEHOOD | T3 | 10600 |
| RANGEHOOD | S-21 | 15500 |
| MOTOR | | 1893.412 |
| SWITCH WITH PCB | | 1347.525 |
| TOP GLASS | | 470.667 |
| BLOWER | | 644.749 |

Maximum Retail Price:
Mobile No: 9851094690

नेपाल सरकारद्वारा सामुदायिक स्कूलहरुमा छात्राहरुलाई प्रत्येक महिना स्थानीय गाँउ तथा नगरपालिका मार्फत सेनेटरी प्याडहरुको नि:शुल्क वितरणको व्यवस्था छ। यस कम्पनीबाट उत्पादित उक्त सेनेटरी प्याडको मूल्यसूचि निम्नानुसार रहेको जानकारी गर्दछौं।

**HEALTH & HYGIENE PRODUCTS PVT. LTD.**
**KATAHARI-3, MORANG, NEPAL**
Ph: 021-570152, Email: info@padelux.com.np

| S N. | Brand | Product | Size | Pcs Per Pkt | MRP Per Pkt |
|---|---|---|---|---|---|
| 1 | PADelux | Regular Plus | 240MM | 8 | Rs. 50 |
| 2 | PADelux | Ultra Happy Girl | 240MM | 8 | Rs. 85 |
| 3 | PADelux | Ultra Happy Girl | 280MM | 8 | Rs.110 |
| 4 | PADelux | Ultra Happy Girl | 320MM | 8 | Rs.130 |
| 5 | PADelux | Regular XL | 280MM | 8 | Rs. 75 |
| 6 | PADelux | Ultra Soft | 280MM | 8 | Rs. 90 |
| 7 | PADelux | Ultra Goodnight | 320MM | 8 | Rs.100 |

डिस्पोजल मेसिन पनि बजारमा विक्री वितरणका लागि ल्याएको र यसको मूल्यसूचि निम्नानुसार रहेको जानकारी गर्दछौं।

| Machine | Type | Pad Capacity | MRP/Pc |
|---|---|---|---|
| Vending Machine-100 | Smart Card | 100 Pcs | 47,585 |
| Vending Machine-60 | Smart Card | 60 Pcs | 43,750 |
| Vending Machine-30 | Coin Based | 30 Pcs | 28,100 |
| Disposal Machine-100 | With Display | 100 Pcs | 38,170 |
| Disposal Machine-75 | With Display | 75 Pcs | 36,750 |
| Disposal Machine-50 | With Display | 50 Pcs | 31,420 |

---

बागमति प्रदेश सरकार
संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
पर्यटन विकास आयोजना
**इकाई कार्यालय, काठमाडौं**

**घर भाडा लिने सम्बन्धी सूचना**

प्रकाशित मिति: २०८१/०६/१४

यस कार्यालयको लागि काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका अन्तर्गत रहेको अनामनगर, बानेश्वर, थापागाँउ वा सो आसपासका क्षेत्रमा निम्न बमोजिमको पुरै घर भाडामा लिनुपर्ने भएकाले घर भाडामा दिन इच्छुक घर धनीले सूचना प्रकाशित मितिले १५ (पन्द्र) दिन भित्र नागरिकताको प्रमाण पत्र, जग्गाधनी दर्ता प्रमाणपत्र, स्वीकृत नक्शा, घर निर्माण सम्पन्न प्रमाण पत्र र आ.व. २०८१/०८२ को कर तिरेको रसिदको प्रतिलिपी समेत संलग्न राखी आफुले लिन चाहेको मासिक भाडा रकम समेत उल्लेख गरी रू.१० को टिकट टाँसी सिलबन्दी गरी निवेदन पेश गर्न हुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

विवरण:

१. घरसम्म पुग्ने मोटर बाटो भएको न्यूनतम ६,००० वर्ग फिट फ्लोर एरिया भएको घर तथा सोमा न्यूनतम १ (एक) किचन, ४ (चार) वटा शौचालय, १ (एक) स्टोर भएको भुकम्प प्रतिरोधी आर.सि.सि. फ्रेम स्ट्रक्चरको पक्की घर हुनु पर्नेछ ।
२. भाडामा लिइने घरमा न्यूनतम् दुई वटा चार पाङ्ग्रे हलुका सवारी साधन र १५ वटा दुई पाङ्ग्रे सवारी साधन पार्किङ गर्न मिल्ने पार्किङ स्थल भएको हुनु पर्नेछ ।
३. भाडामा लिइने घरको पार्किङ स्थलको अलवा २ वटा चारपाङ्ग्रे हलुका सवारी साधन र १५ वटा दुई पाङ्ग्रे सवारी साधन पार्किङ गर्न मिल्ने सो घर नजिकै अतिरिक्त पार्किङ स्थलको सुनिश्चितता भएको ।
४. टेलिफोन, विद्युत र खानेपानीको निरन्तर आपुर्ति हुनुपर्ने एवं ढल निकासको उचित प्रबन्ध भएको हुनुपर्नेछ ।
५. घरभाडा निर्धारणको अन्तिम निर्णय सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९४ को ४ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।
६. घर भाडामा नियमानुसार लाग्ने कर रकम कट्टि गरी बैंक खातामा भुक्तानी गरिनेछ ।
७. प्रस्ताव दाखिला गर्ने स्थानः पर्यटन विकास आयोजना इकाई कार्यालय काठमाडौं ।
८. प्रस्ताव पेश गर्नुपर्ने अन्तिम मिति: २०८१/०६/२८ गते कार्यालय समय भित्र । सो दिन सार्वजनिक विदा परेमा त्यस पछि लगत्तै कार्यालय खुल्ने दिनको कार्यालय समय भित्र ।

थप जानकारीको लागि कार्यालय सम्पर्क राख्न आउनु हुन वा मोवाइल नं ९८५१३२९०८५ मा सम्पर्क गर्न सकिने छ । साथै यस कार्यालयको वेवसाईट https://uoktdp.bagamati.gov.np/ बाट पनि जानकारी लिन सकिनेछ ।

# प्राकृतिक विपत्तिको कहर









१) तीनपाटक गाउँपालिका वडा नं १ सिन्धुलीबाट तीन दिन अगाडि काठमाडौं आउने क्रममा बिपी राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकको रोशी गाउँपालिकाको मंगलटारमा बाढीले सडक भत्काएपछि बीच बाटोमा अलपत्र परेकी एक महिनाको सुत्केरी हेमकुमारी तोलांगेलाई आइतबार नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरेर काभ्रे सदरमुकाम धुलिखेल ल्याएपछि उनको मुहारमा देखिएको खुसी ।
२) अविरल वर्षाका कारण बिपी राजमार्गको विभिन्न ठाउँमा बाढीले बगाएर आवागमन अवरूद्ध भएपछि आइतबार काभ्रेपलाञ्चोकको रोशी गाउँपालिकास्थित कालढुंगा नजिकै रोशी खोला किनारमा उद्धारको पर्खाइमा रहेका यात्रुको हेलिकप्टरबाट उद्धार गर्दै नेपाली सेना ।
३) तनहुँको बन्दीपुर गाउँपालिका-६ मास्दीघाटमा पहिरोले घरमा क्षति बनाएपछि पहिरो पन्छाउँदै स्थानीयबासी । मंगलबहादुर गुरूङको घर पूर्णरुपमा क्षति पुगेको छ भने बर्जबहादुर गुरूङ र डुलबहादुर गुरूङको आंशिक क्षति भए पनि मानवीय क्षति जोगिएको छ ।
४) सिन्धुली जिल्लाको सुनकोशी गाउँपालिका-७ कानढुंग्रीमा पहिरोका कारण भासिएको बिपी राजमार्गको सडक ।

*तस्बिरहरू: रासस*

# महामारीजन्य रोगप्रति सचेत रहन विज्ञको सुझाव

**काठमाडौं (प्रस)–** प्राकृतिक विपद्का बेला महामारीजन्य रोगहरू निम्तिनसक्नेतर्फ विज्ञले सचेत गराएका छन् । अविरल वर्षाका कारण प्राकृतिक विपत्ति सिर्जना भएको उल्लेख गर्दै उनीहरूले यस्तो अवस्थामा विभिन्न रोग निम्तनसक्नेतर्फ सचेत गराएका हुन् । उनीहरूले बाढीपहिरोका कारण पानीका मुहान प्रदुषित हुने र पानी तथा किटजन्य रोग बढ्ने सम्भावना रहेको बताए ।

सरूवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनले पानीजन्य रोगहरू (जस्तैः झाडापखाला, हैजा आदि) तथा किटजन्य रोग (जस्तैः डेंगु, मलेरिया आदि)को संक्रमण बढ्न नसक्ने हुनाले सतर्कता अपनाउन आग्रह गरे । उनले भने, 'मुख्यतः पानीजन्य रोगहरू झाडापखाला, हैजाको जोखिम बढेको छ । हैजा अहिले पनि पूर्णरूपले हटिसकेको अवस्था छैन ।' उनले मनसुनको समयमा किटजन्य रोगको जोखिम बढी हुने बताए ।

बाढी र पहिरोले संक्रमण बनाउन सक्ने फोहोर बगाएर ल्याउने र ठाउँ-ठाउँमा पानी जम्ने हुनाले डेंगु, मलेरियाजस्ता रोगको जोखिम बढ्नसक्ने उनको भनाइ छ। 'स्क्रब टाइफसको पनि समस्या पनि छ। समयमै उद्धार नपाएकाहरूलाई बाहिर बस्नुपर्ने हुनसक्छ, रुघाखोकी सर्नसक्ने सम्भावना छ,' उनले भने।

## घाइतेको नि:शुल्क उपचार गर्न आग्रह

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै स्वास्थ्य संस्थाहरूले उद्धार गरिएका घाइतेको नि:शुल्क उपचार गर्न आग्रह गरेको छ । मन्त्रालयले आइतबार विज्ञप्ति जारी गर्दै उद्धार गरिएकालाई स्वास्थ्य संस्थाबाट प्रदान गरिने आकस्मिक सेवा र जनशक्तिलाई २४सै घण्टा उपलब्ध हुनेगरी व्यवस्था मिलाउन आग्रह गरेको हो ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले उद्धार गरिएका घाइतेको स्वास्थ्य संस्थाहरूले नि:शुल्क उपचार गर्ने र उपचारको रेकर्ड राखेर पछि सोधभर्ना गरिने व्यवस्था गरेको बताए। उनले भने, 'पानी पर्न रोकिए पनि महामारीको जोखिम छ । पानी तथा किटजन्य रोगहरू बढ्न नसक्ने जोखिम भएकाले सबै सरोकारवालाले उच्च सतर्कता अपनाउन र लक्षण देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहुन गरिन्छ।' डा. बुढाथोकीले मन्त्रालयले जनस्वास्थ्यको सुरक्षा व्यवस्थापनका लागि स्थानीय जिल्ला स्वास्थ्य कार्यालय, प्रदेशस्थित सम्बन्धित निकायमार्फत स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्रहरूले समन्वयको व्यवस्था गरिरहेको बताए ।

मन्त्रालयले सबै प्रादेशिक स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूले आपत्कालीन अवस्थामा स्वास्थ्यसम्बन्धी समस्याबारे जानकारी प्रदान गर्नका लागि हटलाइन नम्बर सार्वजनिक गर्न, प्रदेश, जिल्ला र स्थानीय तहका द्रुत प्रतिकार्य टोलीलाई तयारी अवस्थामा राख्ने, प्रादेशिक स्वास्थ्य आपत्कालीन केन्द्रहरूले हब तथा स्याटेलाइट अस्पतालसँग समन्वय गरी आकस्मिक चिकित्सकीय समूहलाई तयारी अवस्था राख्न आग्रह गरेको छ।

त्यसैगरी हब तथा स्याटेलाइट अस्पताल सञ्जालले अस्पताल विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाअनुसार प्रतिकार्य गर्न गराउन, प्रादेशिक स्वास्थ्य आपतकालीन केन्द्रहरूले स्वास्थ्यका साझेदार निकायसँग समन्वय गर्न र स्रोत साधनको अध्यावधिक गर्न/गराउन, आपत्कालीन अवस्थामा स्वास्थ्यसम्बन्धी कुनै समस्याबारे जानकारी आवश्यक परेमा कल सेन्टरको हटलाइन नम्बर १११५ मा सम्पर्क गर्न मन्त्रालयले भनेको छ। आपत्कालीन अवस्थामा स्वास्थ्य संस्था जानुपरेमा तालिम प्राप्त एम्बुलेन्स चालक र स्वास्थ्यकर्मीसहितको एम्बुलेन्सको हटलाइन नम्बर १०२ मा सम्पर्क गर्नसमेत मन्त्रलायले अनुरोध गरेको छ। *रासस*

# राजधानीमा न्यून मात्रामा भित्रियो फलफूल तथा तरकारी

**काठमाडौं (प्रस)–** तीन दिनदेखि परेको अविरल वर्षाले देशका विभिन्न स्थानमा आएको बाढीपहिरोको प्रभावले राजधानीमा अन्य समयको तुलनामा कम मात्रामा फलफूल तथा तरकारी भित्रिएको छ । कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका अनुसार राजधानीमा शनिबार १५६ टन फलफूल तथा तरकारी भित्रिएको थियो। आइतबार ३८ टनमात्र फलफूल र तरकारी भित्रिएको समितिका सूचना अधिकारी विनय श्रेष्ठले जानकारी दिए।

सामान्य अवस्थामा राजधानीमा ६०० देखि ७०० टनसम्म फलफूल तथा तरकारी भित्रिने गरेको थियो। पूर्वी एवं मध्य नेपालमा पछिल्लो तीन दिनसम्म परेको भारी वर्षासँगैको बाढी र पहिरोले मुख्य सडक अवरुद्ध भएकाले कम फलफूल तथा तरकारी भित्रिएको हो । थोरै सामान भित्रिएपछि फलफूल र तरकारीको भाउ सतप्रतिशत बढेको सूचना अधिकारी श्रेष्ठले बताए ।

## ललितपुरमा विपद्बाट क्षति

# ३० जनाको शव भेटियो, अझै सात बेपत्ता

**पाटन (ललितपुर)–** अविरल वर्षासँगैको विपद्मा परी ललितपुरमा आइतबार साँझसम्म ३० जनाको शव फेला परेको नेपाल प्रहरीले पुष्टि गरेको छ । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक नरहरि अधिकारीकानुसार खोज तथा उद्धारका क्रममा शनिबार २० र आइतबार साँझसम्म १० जनाको शव फेला परेको हो ।

शवलाई आनन्दवन अस्पताल चापागाउँ र पाटन अस्पताल लगनखेलमा राखिएको उनले जानकारी गराए। खोजतलासका क्रममा आइतबार नेपाल प्रहरीले ललितपुर महालक्ष्मी-८ शंखादेवी बस्ने ५६ वर्षीया लीला थापाको शव फेला पारेको छ । त्यस्तै, झापा घर भई वैभव पावर नेपाल प्रालिको स्टोरमा काम गर्ने २८ वर्षीय सुवास पाण्डेको शव ललितपुर महानगरापालिका-३ मनमोहन पार्कमा फेला पारेको प्रहरी उपरीक्षक अधिकारीले जानकारी दिए। महालक्ष्मी नगरपालिका-९ लुभू खोलाको छेउमा पहिरोमा बेपत्ता भएका सुर्खेत घर भई हाल लुभू बस्ने २४ वर्षीया हरिकला थापा मगर, निजको छोरी ३० महिनाकी सिम्रिका थापा मगर र निजको ससुरा ५० वर्षीय शिव थापा मगरको शव फेला परेको छ।

त्यस्तै, बागमती गाउँपालिका-५ भालुखोला बस्ने ६४ वर्षीया माइली श्रेष्ठ, गोदावरी नगरपालिका-७ देवीचौर छोटेडाँडामा ४५ वर्षीय जयमान न्यासुर तामाङ, ४० वर्षीया कान्छीमाया तामाङ, २० वर्षीया बात्सल्या तामाङ र नाम नखुलेकी दुई महिनाकी बालिकाको शव फेला परेको प्रहरीले जनाएको छ । एकै परिवारका उनीहरू पुरिएको अवस्थामा फेला परेका थिए ।

शनिबार भएको खोज तथा उद्धारका क्रममा ललितपुरको गोदावरी नगरपालिका-१० टाखेल निवासी ५८ वर्षीया सानु चालिसे र गोदावरी-९ चुनिखेल घर भई हाल सोही ठाउँ बस्ने वर्ष ४८ वर्षीया सुशीला लिम्बूको शव भेटिएको प्रहरीले जनाएको छ।

यस्तै, महांकाल गाउँपालिका-३ माथिल्लो गोटिखेल निवासी राजकुमार सिङ्तानको घर पुरिँदा निजका दुई वर्षीय छोरा संयम सिङ्तानको मृत्यु भएको छ। गोदावरी नगरपालिका-९ छम्पीस्थित भैँसेपाटी-टीकाभैरव सडकमा माथिबाट पहिरो खस्दा बाटो अवरोध भएको र सोही स्थानमा सिन्धुली घर भई हाल सोही स्थानमा टहरो बनाई बस्ने ४२ वर्षीया सुनिता तामाङको पुरिएर मृत्यु भएको प्रहरीले पुष्टि गरेको छ। गोदावरी नागरपालिका-३ मा ३५ वर्षीय पवन नगरकोटीको टहरोमाथिबाट पहिरो झर्दा पवन र निजकी २० वर्षीया छोरी मेन्सिलाको मृत्यु भएको छ।

ललितपुर महानगरपालिका-२५ तालिम केन्द्र नजिक ६६ वर्षीया ताराराज कनिकाको घरमाथिबाट आएको पहिरोले बगाएर मृत्यु भएको छ। महालक्ष्मी नगरपालिका-९ सिस्नेरी ठकुरीगाउँकी ३५ वर्षीया रीना महिमकर्मी श्रेष्ठको पनि पहिरोमा पुरिएर मृत्यु भएको छ । सोही ठाउँको सिस्नेरी खोलामा बस्ने ४४ वर्षीय रवीन भुजेलको खोलाले बगाएर मृत्यु भएको प्रहरीले जनाएको छ ।

यस्तै, ललितपुर महानगरपालिका-१४ कान्तिपुर कोलोनीमा रौतहटका २७ वर्षीय नन्दु साहको नख्खु खोलाले बगाएर मृत्यु भएको छ । महालक्ष्मी नगरपालिका-८ शंखादेवीमा पहिरोमा पुरिएर घाइते भएकी ६१ वर्षीया राधिका थापाको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

यस्तै, कोन्ज्योसोम गाउँपालिका-३ दलचोकीमा पहिरोका कारण एकै परिवारका २२ वर्षीया सुम्निमा घलान र १५ वर्षीय समीर घलानको मृत्यु भएको छ। गोदावरी नगरपालिका-५ लेले महतगाउँमा पहिरोले ३८ वर्षीया शर्मिला महतको मृत्यु भएको पुष्टि भएको छ । गोदावरी नगरपालिका-७ देवीचौरमा पहिरोले अनिल रुम्बाको गोठ पहिरोले पुरिँदा हाल नाम वतन नखुलेका करिब ३० वर्षीय शेर्पा भन्ने व्यक्तिको मृत्यु भएको प्रहरी नायब उपरीक्षक नरहरि अधिकारीले बताए ।

यस्तै, गोदावरी नगरपालिका-६ टिकाभैरवमा पहिरोमा परी ५० वर्षीय भाइकृष्ण खड्का तथा सोही वडाका एकै घरका ५५ वर्षीय प्रलाद थापा र ३० वर्षीय सुमन थापा, बागमती गाउँपालिका-१ घुसेलमा पहिरोका कारण ५० वर्षीय केशव न्यौपाने, गोदावरी नगरपालिका-१० न्यौपानेगाउँस्थित एससिआरसी होस्टेल पछाडि पहिरो जाँदा होस्टेलमा बस्ने सात वर्षीय सुजन राईको मृत्यु भएको छ।

यहाँ अझै सातजना बेपत्ता रहेका नेपाल प्रहरीले जनाएको छ। प्रहरीले दिएको जानकारीअनुसार रौतहट घर भई जिल्ला ललितपुर महानगरपालिका-१४ नखिपोट कान्तिपुर कोलोनी बस्ने ५ वर्षीय सेतु शाह, ओखलढुंगा घर भई ललितपुर बस्ने ४० वर्षीय देवराज कार्की, रौतहट गौर गाउँपापालिका-६ घर भई ललितपुर महानगरपालिका-१४ नखिपोट कान्तिपुर कोलोनी बस्ने ३२ वर्षीय बिकाउ शाह, ललितपुर महांकाल गाउँपालिका-३ गोटीखेल बस्ने एकै परिवारको उमेर नखुलेको ईश्वर तिमल्सिना, निजकी आमा (नाम नखुलेको) र निजकी श्रीमती गोमा तिमल्सिना बेपत्ता रहेको जनाएको छ। त्यस्तै, ललितपुर गोदावरी नगरपालिका-६ आनन्दवन अस्पतालमा काम गरी बस्ने ३० वर्षीये विवेक सिंह पनि बेपत्ता रहेको प्रहरीले जनाएको छ। *रासस*


युएईमा रोजगार

कम्पनी : HIAP SENG ENGINEERING LIMITED FZC

पूर्व स्वीकृति मिति : २०८१/०६/१३ | LT. No. 311369 | चलानी नं. ६०२२५९५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 80 | 0 | 800 | २९,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Scaffolding Worker | 30 | 0 | 1200 | ४३,७३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Access Partners Nepal Pvt. Ltd. | Gov.Lic.No. : 1101/073/074

Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899, E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np

साउदीमा रोजगार

कम्पनी : Establishment Abdul Rahman Ben Hamed Ben Abdul Rahman Ben Maadi for Transportation

पूर्व स्वीकृति मिति : २०८१/०६/११ | LT. No. 311455 | चलानी नं. ६०२२५९७५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver/driver | 7 | 0 | 1800 | ६४,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २२ गते (8th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Overseas Employment (P.) Ltd. | श्रम ईजाजत नं. १२०८/०७३/०७४

Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069, E-mail: overseas4employment@gmail.com

साउदीमा रोजगार

कम्पनी : ZAID HABALIS SHAOUF AL OTAIBI TRANSPORT ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८१/०६/११ | LT. No. 311401 | चलानी नं.६०२२५९६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Vehicle Driver | 7 | 0 | 1900 | ६७,८०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDULLAH ADEL AL RABIE TRADING & CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/१० | LT. No. 311402 | चलानी नं.६०२२५९५०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ। ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

TRIPLE STAR EMPLOYMENT PVT. LTD. | श्रम ईजाजत नं. ७९४/०६५/०६६

Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# राहत र पुनःस्थापना प्रभावकारी बनाऊ

भू-प्रकोपजन्य विपद् बाढीपहिरोले देशवासी आकुलव्याकुल छन् । पूर्वअनुमानित घटना भए पनि कम क्षति न्यूनीकरणका लागि गर्नुपर्ने प्रतिकार्यमा सरकार चुक्यो । प्रतिकार्यसम्बन्धी कार्ययोजना बनाएको भने गत जेठमै हो । कार्ययोजना कार्यान्वयनमा सरकार पूर्णतः असफल सावित भयो । अब जे नहुनु थियो, त्यो भएपछि विपद्मा परेकाको राहत र पुनःस्थापनामा ध्यान दिनु आवश्यक छ ।

संघ सरकारको विपद् प्रतिकार्य समूहले सबै निकायसँग समन्वय गरेर पीडितको व्यवस्थापन, घाइतको उपचार र राहत कार्यलाई प्रभावकारी बनाउन जरुरी छ । राहत एकद्वार प्रणालीबाट गरिनुपर्छ । त्यसो गरिएको अवस्थामा राहतको दुरूपयोग हुने सम्भावना रहँदैन । दानवीरहरूको सेवाभाव यहीबेला प्रकट हुनु आवश्यक छ । उद्योगी व्यवसायीले विपद्पीडितलाई खाद्यन्न, लत्ताकपडालगायतका अत्यावश्यक उपभोग्यवस्तुमा सहयोग गर्नुपर्ने देखिएको छ ।

अर्को महत्त्वपूर्ण पक्ष के छ भने विपद्कै कारण घरबार छाडेर विस्थापित हुनुपरेकाहरूका लागि सरकारले तत्काल अस्थायी संरचना बनाउनुपर्दछ । पुनःस्थापना जति ढिला गरिन्छ, सरकारप्रति नागरिक तहमा त्यति नै बढी अविश्वास पैदा हुन्छ । त्यसै कारण सरकारले यसबेला अभिभावकीय भूमिका प्रकट गर्नुपर्छ । सरकार रहेको आभाष जनतालाई गराउनुपर्छ ।

बाढी, पहिरो र डुबान यी तीनवटैको सम्भावना नभएको ठाउँमा प्रभावितहरूको पुनःस्थापना आवश्यक छ । जहाँ खानेपानी, बिजुली, यातायातजस्ता आधारभूत सुविधाको प्रबन्ध मिलाउनुपर्दछ । यसका लागि पनि अन्तरसरकारी तथा गैरसरकारी निकायबीच समन्वय कायम गराउनुपर्दछ । पुनःस्थापित गरिने क्षेत्र कुनै पनि खालको जोखिमविहीन हुनुपर्छ ।

जाडोयामसमेत सुरु हुन थालेकाले बालबालिका, वृद्धवृद्धा र गर्भवतीको स्वास्थ्यप्रति सरकार संवेदनशील बन्नुपर्छ । पुनःस्थापित क्षेत्रमा कुनै किसिमको संक्रमण फैलिनसक्ने भएकाले त्यसतर्फ सरकार र स्थानीय सबै थप सचेत हुनुपर्छ । तीन तहकै सरकारले नागरिकमैत्री कार्य यसरी गर्नुपर्छ । यस्तो कार्यमा समन्वयकारी भूमिकामा सरकारी संयन्त्र देखिनुपर्दछ । स्वयंसेवी संस्थाहरू अग्रमोर्चामा देखिनुपर्छ । देशभित्र र बाहिरबाट उनीहरूको पुनःस्थापनाका लागि सहायता रकम पनि आवश्यक छ ।

काठमाडौं प्रवेश गर्ने विभिन्न राजमार्ग बाढीपहिरोले क्षतिग्रस्त छ । जबकि, दसैं सम्मुखमा छ । लाखौं नागरिक उपत्यकाबाट गाउँ फर्किने सुर गरिरहेकै बेला बाढीपहिरोले सडक प्रभावित पारेको हुनाले भौतिक पूर्वाधार मन्त्रालय, सडक विभागसँगै स्थानीय सरकारले यसमा तदारुकता देखाउनु आवश्यक छ ।

## मनन्योग्य

### चाणक्य नीति

यस सामाजिक नियमलाई जसले तोड्दछ, कसूर ठहरिन्छ । कसूरको मात्रालाई विचार गरर यस्तो कसूर गर्नेलाई दण्ड सजाय गर्ने नै 'धर्म देवता' हुन् । जसलाई 'यमराज' पनि भनिन्छ । यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटी हुन गएछ भने यमराज स्वयम्ले पनि सजाय भोग्नु पर्द भन्ने कुरा हामी ज्यादै थोरै व्यीक्त मात्रले थाहा पाएका छौं ।

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ) । त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्हयाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुनछ ।

धर्म र अधर्मका तत्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र सुनुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले युकेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूलाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्व भनिएको छ ।

भाव-भेदका कारण (१) आध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराजलाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठात् देवता हुन् भनी मानिदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो शास्त्र र यसको तत्वलाई भलिभाती बुझेका ऋषि सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन् । क्रमशः

# किन हुन्छ युवा अवस्थामै मुटुरोग ?



■ डा. ओममूर्ति अनिल

अधिकांश युवाहरुमा कुनै न कुनै किसिमको मुटुरोगका कारणहरु अदृश्य रुपमा रहेको १० वर्ष अगाडि गरिएको अनुसन्धानमा देखिएको थियो । अनुसन्धानको क्रममा अधिकांश युवाहरूले मलाई मुटुरोगको कुनै लक्षण नै छैन, किन जाँच गर्नुपर्‍यो भन्ने धारणा राखेका थिए । त्यही गलत धारणा र भ्रममा पर्दा समयमै आफूभित्र उक्त रक्तचाप, मधुमेह, उच्च कोलेस्ट्रलजस्ता समस्याहरु भएको थाहा पाउन सकेनन् र पछि एक्कासि जटिल समस्या भोग्नुपरेको देखिन्छ । त्यसैले समय अनुकूल बाहिर केही रोगको लक्षण नदेखिएता पनि स्वास्थ्य जाँच गरेकामा मुटुरोगको जटिलताबाट बच्न सकिन्छ ।

विश्वमै मुटुरोगको जोखिम केही दशकयता ह्वात्तै बढेको छ । खासगरी युवापुस्तामा कम उमेरमै मुटुरोगको समस्या बढ्दै गएको छ । विश्व स्वास्थ्य संगठनका अनुसार ८० प्रतिशत बढी मुटुरोगका कारणले हुने मृत्यु नेपालजस्ता निम्न र मध्यम आय भएका राष्ट्रहरूमा हुने गर्दछन् । नेपाललगायत दक्षिण एसियाली राष्ट्रहरूमा युवामा मुटुरोगको प्रकोप बर्सेनि बढ्दै गएको देखिन्छ । केही वर्षअघिको तथ्यांकअनुसार विकसित राष्ट्रहरूमा हार्टअटचाक (हृदयाघात) हुने औसत उमेर ६० वर्ष भनेता पनि अविकसित राष्ट्रहरूमा १० वर्ष अगाडि हुने देखाएको छ । भारतमा हृदयाघात हुने औसत उमेर ५० वर्षको हाराहारीमा रहेको देखाएको छ भने दुईतिहाइ मृत्यु कम उमेरका व्यक्तिहरूलाई हुने गरेको अनुसन्धानबाट देखिन्छ । विश्वव्यापीरूपमै वातावरणीय प्रदूषणका कारण पनि मुटुरोग समस्या बढिरहेको पाइन्छ ।

अस्वस्थ खानपिन, शारीरिक निष्क्रियता, मानसिक तनाव, मोटोपना र नियमित स्वास्थ्य जाँच नगर्नु, चुरोट र अत्यधिक मदिरा सेवन युवाहरूमा हुने मुटुरोगको प्रमुख कारणको रूपमा लिन सकिन्छ । धेरै चिल्लो, धेरै पिरो, धेरै गुलियो तथा गुलिया पेयपदार्थहरूको सेवन गर्ने चलनले पनि उच्च रक्तचापको समस्या बढेको विभिन्न अनुसन्धानहरूले पुष्टि गरेको छ । अधिकांश युवाहरूमा मुटुरोगप्रतिको सचेतना अझै आउन सकेको देखिँदैन । आधुनिकीकरणले अस्वस्थ जीवनशैली बढिरहेको देखिन्छ । युवाहरूमा यो समस्या बढी देखिनुको मुख्य कारणहरूमा शारीरिक व्यायाम नगर्ने, मदिरा चुरोटको सेवन बढी गर्ने, स्वास्थ्य जाँच नगर्ने, औषधि खान नचाहने आदि प्रमुख कारण हुन् । युवाहरू मानसिक तनावको सिकार पनि बढी भएको र यसले पनि मुटुरोगको समस्यालाई बढाएको देखिन्छ । अध्ययन अनुसन्धानले ९० प्रतिशत हृदयघात रोकथाम गर्न मिल्ने बताउँछ । आजको परिस्थितिमा युवाहरूले मुटुरोग र हृदयघातबाट बच्न लिनुपर्ने निम्न पाँच व्यावहारिक सावधानीहरूमा ध्यान दिनु आवश्यक छ ।

### स्वस्थ देखिए पनि जाँच गर्न जरुरी

अधिकांश युवाहरूमा कुनै न कुनै किसिमको मुटुरोगका कारणहरू अदृश्य रूपमा रहेको १० वर्ष अगाडि गरिएको अनुसन्धानमा देखिएको थियो । अनुसन्धानको क्रममा अधिकांश युवाहरूले मलाई मुटुरोगको कुनै लक्षण नै छैन, किन जाँच गर्नुपर्‍यो भन्ने धारणा राखेका थिए । त्यही गलत धारणा र भ्रममा पर्दा समयमै आफूभित्र उक्त रक्तचाप, मधुमेह, उच्च कोलेस्ट्रलजस्ता समस्याहरू भएको थाहा पाउन सकेनन् र पछि एक्कासि जटिल समस्या भोग्नुपरेको देखिन्छ । त्यसैले समय अनुकूल बाहिर केही रोगको लक्षण नदेखिएता पनि स्वास्थ्य जाँच गरेकामा मुटुरोगको जटिलताबाट बच्न सकिन्छ । समय-समयमा आफ्नो रक्तचाप, चिनीरोग र कोलेस्ट्रोलको स्तर नाप्ने गर्नुपर्छ । यसका लागि धेरै खर्च पनि गर्नुपर्दैन । सामान्यतया एक हजार रूपैयाँ खर्च गरे पुग्छ । यदि यी मुटुरोगका कारण अलि बोर्डरमा छ भने जीवनशैलीमा व्यापक परिवर्तन गर्नुपर्छ र नियमित अनुगमन गरिराख्नुपर्छ ।

### औषधि प्रयोगको महत्व

हाम्रो अनुभवमा सहरी भेगमा बसोबास गर्ने ४० वर्षमुनिका युवाहरूमा मुटुरोगका कारणका लागि औषधिको सेवन गर्नुपर्ने देखिन्छ तर यति कम उमेरमा औषधि सेवन गर्न हुन्न भन्ने भ्रममा परी चिकित्सकको सल्लाहविपरीत औषधि सेवन नगरेर स्वास्थ्य दुर्घटना हुने गरेको पाइन्छ । समयमै औषधिको प्रयोग महत्व बुझी यस्ता दुर्घटनाबाट जोगिन सकिन्छ । औषधिको साइडइफेक्टका बारेमा भ्रम पालेर चाहिने अवस्थामा पनि सेवन नगरी हताहत भएको रोगले युवा अवस्थामै जटिलतामा प्रवेश गरेको अनेकौं उदाहरण छन् ।

### चुरोट

हाम्रो समाजमा असंख्य युवा चुरोट सेवन गर्दछन् । चुरोटको सेवनले तुरुन्तै केही हानि गरेको नदेखेता पनि यसले अदृश्यरूपमा मुटुमा असर गरिरहेको हुन्छ । एक/दुई खिल्लीले पनि पछि गएर मुटुरोगको जोखिम निम्त्याउनसक्ने तथ्यबाट अभिज्ञ भएको देखिन्छ । युवाहरूमा हृदयघातको प्रमुख कारण चुरोट मानिन्छ । त्यसैले समयमै चुरोट त्याग्नु जरुरी छ । चुरोट त्यागेको केही समयभित्र यसको दुष्प्रभाव घट्ने अनुसन्धानहरूले देखाएको छ । प्रेरणाको कमीले थाहा भएर पनी चुरोट त्याग्न नसकेका धेरै छन् ।

### तयारी (पत्रु) खाना

बिग्रिँदो जीवनशैलीले गर्दा अधिकांश युवाहरूमा जंकफुट/फास्टफुड अर्थात् तयारी (पत्रु) खाना र घरबाहिरको खाने गरेको देखिन्छ । इच्छा वा बाध्यताले जेले भए पनि यसको दुर्गामी असरबाट बच्न गाह्रो छ । दुर्भाग्यबस अधिकांश युवाले फास्टफुडको सेवनले स्वास्थ्य र मुटुरोगको प्रकोपलाई नजरअन्दाज गरेको देखिन्छ । समयमै यस्तो खालको खाद्यसंस्कृतिमा सुधार गरी आफ्नै घरमा बनाएको स्वस्थकर खाना खाने संस्कार विकास गर्नु आवश्यक छ । प्राकृतिकरूपमा उत्पादन भएका र घरको खानालाई प्रवर्द्धन गर्न सकिएमा मुटुरोगको समस्या धेरै हदसम्म कम हुन जान्छ । प्रमुख प्रशोधित खानेकुरामा बिस्कुट, चाउचाउ, पाउरोटी, केक, पेस्ट्रिज, पिज्जा, बर्गर, ससेज, आइसक्रिम, दुनोट, फ्राइड चिकन, हेम बर्गर, चिप्स, चकलेट, जुस, कोल्डड्रिंक्स आदि पर्छ ।

### व्यायामको महत्व

बिरामी व्यक्ति, औषधि सेवन गर्ने व्यक्ति र वृद्ध व्यक्तिले मात्र बिहानको हिँडाइ वा नियमित व्यायाम गर्नुपर्ने जनधारणा भएको हामी पाउँछौं । त्यसैले होला आधुनिक युगमा शारीरिकरूपमा निष्क्रिय र मोटोपनको सिकार भएका किशोर र युवाहरूको संख्या बढ्दै गएको देखिन्छ । आधुनिकताले निकट भविष्यमा यसको संख्या घट्ने देखिँदैन । युवाले २० वर्ष वा कम उमेरदेखि नै आफूलाई नियमित शारीरिक व्यायाममा संलग्न गरी जीवनशैलीको एउटा महत्त्वपूर्ण अंगको रूपमा शारीरिक गतिविधिलाई अवलम्बन गरी विभिन्न किसिमका दीर्घरोग र औषधि उपचारबाट बच्न सकिन्छ । एउटा स्वस्थ्य व्यक्तिले दैनिक ३० मिनेटभन्दा बढी सक्रिय व्यायाम गर्नपर्छ । बढी गर्न सके अझ राम्रो मानिन्छ ।

कुनै प्रकारको नियमित शारीरिक गतिविधिमा आफूलाई संलग्न गर्नुपर्छ । खेलकुद, साइकल, पौडी, योगा, अभ्यास, जुम्बा आदि जे गरे पनि हुन्छ । आफ्नो परिस्थिति अनुकूल व्यायाम रोज्न सक्नुपर्छ । मुटुरोगको थालनी पहिले ४० वर्षमै भइसक्ने विभिन्न अध्ययन अनुसन्धानले देखाउँछ । पहिले ४० वर्षमै मुटुरोगको कारणलाई जीवनशैली र आवश्यकता परे चिकित्सकको परामर्शअनुसार औषधिको सेवन गरेर असामयिक मुटुरोग र त्यसबाट हुने आर्थिक, शारीरिक, मानसिक, पारिवारिक, सामाजिक क्षतिबाट आफूलाई जोगाउन सकिन्छ ।

अन्त्यमा, रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नै नदिनु बुद्धिमानी हुने भएकाले यसतर्फ सबै सचेत हुन आवश्यक छ । स्वस्थ आहार र व्यायामले नै शरीरका अंगहरूलाई स्वस्थ राख्न मद्दत गर्दछ । वनस्पतिबाट प्राप्त हुने प्राकृतिक खानेकुराहरूलाई स्वस्थ आहार भनिन्छ । फलफूल र सागसब्जीमा भएको भिटामिन, मिनरल्स, फाइबर र अन्य पदार्थहरूले रक्तनली, मुटु र मस्तिष्कलाई स्वस्थ राख्छ । फलफूल र सागसब्जीमा पाइने भिटामिनहरूले हाम्रो रोग निरोधक क्षमतालाई बढाउँछ र संक्रमण हुनबाट बचाउँछ । त्यसैले बजारमा पाइने तयारी खानेकुरा, विलासी जीवनशैली र मानसिक तनावबाट मुक्त हुनु नै निरोगी र दीर्घजीवी बन्ने उपाय हो । *रासस*

*(लेखक वरिष्ठ मुटुरोग विशेषज्ञ हुन्)*

# त्यो पहिलो महिनावारी...



■ मधु शाही

'हचा उता जा ! जहिले खुट्टा चढाउँछे ।' निदैनिदमा दिदीले गाली गर्दै खुट्टा फचाली दिनुभयो । मलाई सम्झना छ, त्यो रात सेतो सुरुवाल र निलो कुर्था लगाएकी थिएँ । सधैंझैं खुट्टा चढाउने बानीले दिदीसँग सुत्दा गाली नखाएको दिन हुन्थेन । अटेरी थिएँ । फेरि दिदीतिरै खुट्टा फचालें । बालापनको मज्जा नै बेग्लै, जति जे गरे पनि माफी पाइन्थ्यो ।

कान्छी छोरी भएकीले दिदीलाई अलि बढी दुःख दिन्थें । अटेर गरी दिदीतिर फेरि खुट्टा चढाउन खोजें । तर खुट्टा होइन, कम्मर पो करक्कै खायो । खासै वास्ता गरिनँ । अर्कोतिर कोल्टे फेर्न खोजें । उल्टै तल्लो पेट चस्कियो । दिदीको हात निदैनिदमा दुखिरहेको पेटमा पुऱ्याएर कानमा फुसफुसाएँ, 'दिदी सारै पेट दुख्यो !' उहाँ हत्तपत्त जुरुक्क उठ्नुभयो । मानौं कुनै गहिरो सपना देख्दादेख्दै ब्युँझिनु भएजस्तै झल्याँस्स हुनुभयो । दिदीले मेरो कुर्था माथि सारेर सुरुवालको पछाडितिर आँखा लाउनुभयो । सेतो लुगा भिजेर निथ्रुक्कै थियो नै । ओच्छ्यानसमेत रातम्मै भयो । दिदी चिच्याउँदै आमा बोलाउनुभयो ।

के भयो ? किन यति आत्तिएको मैले केही पत्तो पाइनँ । सुरुवाल र ओच्छ्यानभरि रगत देखेपछि भने मनमा डर लाग्यो । केको डर त्यो पनि थाहा थिएन । आमा आएपछि दिदीले हस्याङफस्याङ गर्दै एउटा शब्द भन्नुभयो, 'बहिनी त पन्छी (महिनावारी) छ ।'

पन्छिनु अर्थात् महिनावारी हुनु । महिनावारीका थुप्रै ठाउँअनुसारका फरक-फरक बोलीचालीका शब्दहरू छन् । सुदूरपश्चिममा छाउपडी, पश्चिमतिर पन्छिनु, पाखा लाग्नु, पर सर्नु, छुई हुनु आदि ।

१३ वर्षको उमेरमा पहिलोपटक महिनावारी हुँदा खेप्नुपरेको सास्ती मानसपटलमा अझै गहिरोरूपमा गडेको छ । भुल्नु सकिँदैन पनि २१ दिनसम्म गोठमा उकुसमुकुस भएको क्षण । स्कुल जान नपाउँदाको दुखेसो । साथीसंगीसँग घुम्न र खेल्न कुद्न नपाएको पीडा । यी सबै घाउ सजिलै हराउँदैनन् ।

त्यो दिन सम्झना छ । बिहानीपख ओछ्यानमा पहिलोपटक महिनावारी भएकी थिएँ । दिदीले आफ्नो कुर्थाको सल ल्याएर आमालाई दिनुभयो । आमाले पूरै बेहुलीलाई घुम्टोले छोपेजस्तै गरी ढपक्कै लुकाएर घरबाहिर निकाल्नुभयो । कहाँ राख्ने त यसलाई ? दिदी र आमाले सल्लाह गरेर छिमेकीको गोठमाथि थारोमा राख्ने टुंगो लाउनुभयो । उहाँहरूको मप्रतिको अनौठो व्यवहार देखेर म रुन थाले छु । अत्तालिएर घुम्टोभित्रैबाट सुकसुकाउँदै आमालाई सोधें, 'मलाई के भएको हो र ? कहाँ लैजाने ? म घरमै बस्न किन नपाउने ?' यस्ता थुप्रै प्रश्नहरू अनवरत सोधिरहें । उत्तर समग्रमा एउटै आयो, 'अब तँ ठूली भइस् । यत्ति बुझ् ।'

### गोठमा २१ रात

माघको चिसोयाम । कुहिरोले मौसम गुम्सुम थियो । उसैगरी म सलभित्र खुम्चिएकी थिएँ । जतिसक्दो कोठामा लुकाउने हतार थियो । घामको झुल्का नउदाउँदै नजरबन्दमा राख्नुपर्ने थियो । दिदी र आमाले छिमेकीको गोठमा पुऱ्याउनुभयो । रातो माटोले लिपेको गोठको माथिल्लो तलामा ओच्छ्यान लगाएर तयार पार्नुभएको रहेछ आमाले । 'थुपुक्क यहीं बस्नु,' उहाँले निर्देशन दिँदै के गर्न हुने के गर्न नहुने नियम बुझाउन थाल्नुभयो, 'बाहिर हेर्दै नहेर्नू, भाइले बोलायो भने नबोल्नू । अनि सकेसम्म कान थुनेर बस्नू ।'

फुर्के जामा लगाएर खेतका कान्ला, खोला नाला कुद्ने ममा अचनाक न सुन्नू, नदेख्नू, नबोल्नूजस्ता 'न' नियम आइपऱ्यो । चराजस्तै उड्ने बालापनमा यी सबै न नियम लाग्दा सजिलो हुने कुरै थिएन, अझै बढी पीडा स्कुल जान नपाउनु थियो । कक्षा ५ मा पढ्थें त्यो बेला । स्कुलमा त्यो दिन मेरो सेरोफेरो विषय पढाउने टेकराज सरले सही उत्तर दिने विद्यार्थीलाई पुरस्कार दिने वाचा गर्नुभएको थियो । पढेकी भए पनि उत्तर दिने अवसर महिनावारी भएकै कारण गुमाएकामा मनमनै दुःखी थिएँ ।

मेरो पढाइ निरन्तर २१ दिनसम्म गुमिरहचो । भारतबाट एक वर्षपछि बुबा घर आउनुभएको थियो । त्यसै दिन भैरवस्थान देवताको पूजा गरेर घरमा उत्सव बनाइएको थियो । चामलको पीठोले बनाइने भैरवस्थान मन्दिरमा चढाएको रोटी मलाई निकै मन पर्थ्यो । आमाले अरू बेला सधैं अरू दिदीभाइलाई भन्दा अलि बढी खान दिनुहुन्थ्यो ।

महिनावारी गोठमा बसेको पाँच दिन कष्टकर बिताउँदै थिएँ । भैरवस्थान मन्दिरमा पूजा हुँदै छ र बुबा आउँदै हुनुहन्छ भन्ने हर्षले मनमनै गद्गद् थिएँ । आमाले खाना पुऱ्याउन आउँदा सुनाउनुहुन्थ्यो, 'बुबा साता दिनमात्रै बस्ने रे । अनि तैंले भैरवस्थानको प्रसाद खानु हुँदैन पाप लाग्छ, म अचम्मै परें ।'

सधैं भैरवस्थानको प्रसाद मायाले अलि बढी खुवाउने मेरी आमाले आज खान नदिने यति कठोर हृदय कसरी बन्न सक्नुभयो होला ? बुबाले जहिले गीत गाउँदै नाच्न सिकाउनुहुन्थ्यो । आज देख्दैनदेखि कसरी बस्न सक्नुभयो ? पटक-पटक शौचालय जाँदा कमजोरीले बेहोस भएर ढल्दा आमाले बोकेर घर गोठमै ल्याउनुहुन्थ्यो । तर, मायाले घरमा पुऱ्याउन कुन संस्कारले रोक्यो होला ? हरेक दिन झगडा नगरी चित्त नबुझाउने मेरो भाइलाई के कुराले मौन बनायो होला ? घामको झुल्कासँगै उदाउने मेरो बिहानी किन अँध्यारोमा गुमसुम छ ? बाल मनोविज्ञानमा यस्ता प्रश्नहरू आइरहे तर उत्तर दिने कोही थिएनन् ।

### २२ दिनपछि स्कुल पुग्दा

झिसमिसे बिहानै कठ्यांग्रिँदो जाडोमा थरथर काँप्दै कुलामा नुहाउन पुगें । कमजोर शरीरले रिंगाटा लागिरहेको हुन्थ्यो । बिहान ५ बजे कसैले नदेख्दै नुहाउनुपर्ने थियो । म आतुर थिएँ, २१ दिनपछि घामको उज्यालो देख्न । आतुर थिएँ, आकाशे रङको सर्ट र नीलो जामा लगाएर स्कुल जान । भाइसँग लडीबुडी गरी खेल्न, साथीभाइसँग गफिन । गोठबासदेखि उन्मुक्त भएर सुर्के झोला बोकेर खुसी हुँदै स्कुल पुगें । त्यो पारिलो घामसँग रमाउँदै, फुर्किँदै स्कुलको ढोकानिर टेकें ।

धेरै समयपछि आएर होला विद्यालय नौलो लाग्यो । त्यतिमात्रै होइन, साथीभाइले गर्ने व्यवहार पनि फरक पाएँ । कोही मलाई हेर्दै कानेखुसी गर्थे त कोही तलदेखि माथिसम्मै नियाल्थे । मानौं म २१ दिनमा अर्कै भएकी छु । कुनै पनि किशोरी लामो समयको अन्तरालपछि स्कुल आइनँ भने उसलाई महिनावारी भएकै संज्ञा दिइन्थ्यो र लाज, घृणा र जिस्क्याउने पात्रका रूपमा व्यवहार गरिन्थ्यो । केटाहरूले त खुलेयाम भन्ने गर्थे, 'यो केटी त नछुने भइछ ।'

यस्तो अवस्थामा केटीहरूमा मानसिकरूपमा हीनताबोध हुने गर्थ्यो । प्रतिकार गर्ने आँट थिएन । लाजले रातोपिरो हुनुबाहेक अरू उपाय केही हुँदैन थियो । महिनावारी भएकै कारण विद्यालयमा पढाइको मर्का खेप्नु त छँदै छ, स्कुलमा गरिने बुलिङ (जिस्क्याउने) प्रवृत्तिले कतिपय छात्रा विद्यालय नै छोड्ने गर्थे । २२ दिनपछि खुसी हुँदै स्कुल पुगेकी म पछिल्लो बेञ्चको कुनामा रुँदै बसें । झण्डै ३० वर्षअघि मैले महिनावारी हुँदा खेप्नुपरेको पीडा मेरा बहिनीहरूलाई भोग्नु परेन ।

### महिनावारीमा विभेद हुँदा पर्ने असर

महिनावारीले किशोरीमा पार्ने मनोवैज्ञानिक, सामाजिक, शैक्षिक, स्वास्थ्यलगायतमा पर्ने असर असीमित हुन्छ । मर्यादित महिनावारीको संस्कार बसाल्न सके छोरीको व्यक्तित्त्व विकासमा सघाउँछ । विद्यालयमा मर्यादित महिनावारीको शिक्षा नपुगेसम्म धेरै छात्राको पठनपाठनमा प्रत्यक्ष प्रभाव पर्ने मर्यादित महिनावारी अभियान संस्था राधा पौडेल फाउन्डेसनको अध्ययनको निष्कर्ष छ । सरकारले छाउपडीविरुद्धको 'छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४' जारी छ ।

फाउन्डेसनले काठमाडौं, जुम्ला र सर्लाही गरी १८ देखि २५ वर्ष उमेर समूहका ४७१ जनामा गरेको एक अध्ययनमा महिनावारीका कारण छात्रा विभेद, यौन हिंसामा परेको तथ्यांक छ । 'यौन तथा प्रजनन स्वास्थ्यका लागि मर्यादित महिनावारी' विषयक आधार भूत सर्वेक्षण प्रतिवेदनमा महिनावारी हुँदा ५२ प्रतिशत छात्राको पठनपाठन प्रभावित हुने देखाएको हो ।

त्यसैगरी, १३ प्रतिशत छात्राले विद्यालयमा विभेद भोग्नुपरेको बताएका छन् भने नौ प्रतिशत छात्राहरू महिनावारीकै कारण यौन हिंसामा परेको जनाइएको छ । संविधानसभा सदस्य डा. बिन्दा पाण्डेले छाउपडी कुप्रथासँग सम्बन्धित बाजुरा-बूढीनन्दा, हिमाली र स्वामीकार्तिक खापर गरी तीन पालिकाका १०० जनामा गरिएको सर्वेक्षणमा छाउगोठमा बस्ने ५२ प्रतिशत, छाउघरमा बस्ने २३ प्रतिशत, भुइँतलामा बस्ने १८ प्रतिशत र आफ्नै कोठामा सात प्रतिशत बस्ने गरेको तथ्यांक छ । छाउगोठमा बस्दा एक्लै सुत्ने महिलाको संख्या ५७ प्रतिशत रहेको छ ।

सर्वेक्षणमा महिनावारीको बेला दालभात, रोटी खाने ६१ प्रतिशत छन् भने फलफूल खान पाउने मात्रै १० प्रतिशत छन् । छाउगोठमा बसेकै कारण ५२ प्रतिशतले सामाजिक र सांस्कृतिक कार्यक्रममा असंलग्न हुन नदिने तथ्यांक छ । डा. पाण्डेका अनुसार महिनावारी महिलाको प्राकृतिक अधिकार हो पाप होइन । यो कुप्रथा हटाउन सांस्कृतिक र राजनीतिक दुवै पाटोमासमेत जागरण ल्याउन जरुरी छ । *रासस*



**उद्धारको पर्खाइ** | अविरल वर्षाका कारण बिपी राजमार्गको विभिन्न ठाउँमा बाढीले बगाएर आवागमन अवरुद्ध भएपछि आइतबार काभ्रेपलाञ्चोकको रोशी गाउँपालिकास्थित कालढुंगा नजिकै उद्धारको पर्खाइमा रहेका यात्रुहरू । काभ्रेपलाञ्चोकको रोशी गाउँपालिकामा पर्ने उक्त राजमार्गको विभिन्न स्थान बाढीले बगाएर अवरुद्ध बनेको कारण नेपाली सेनाको हेलिकप्टरमार्फत उनीहरूको उद्धार गरिएको छ । *तस्बिर: पेमा लामा/रासस*

# कोशी प्रदेशमा १४ जनाको मृत्यु, आठ बेपत्ता

**विराटनगर (प्रस)–** शनिबार साँझसम्म कोशी प्रदेशमा परेको अविरल वर्षाका कारण धेरै जनधनको क्षति भएको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

प्राप्त जानकारीअनुसार असोज ११ गतेदेखि १३ गतेसम्म परेको अविरल वर्षाले प्रदेशमा १४ जनाको मृत्यु, १३ घाइते, आठजना बेपत्ता भएका छन् । यस्तै चौपायातर्फ ६४ मरेका, एक घाइते र पक्षीतर्फ एक हजार २०६ मरेका छन् । भौतिक संरचनातर्फ १९ पक्की घरमा पूर्ण, ५८ मा आंशिक क्षति र अन्य घरतर्फ ३९ मा पूर्ण, ३३ आंशिक तथा १३ गोठ, छ सरकारी कार्यालय, चार सवारीसाधन, १३ वटा पुल तथा कल्भर्टमा क्षति हुनुका साथै ५४२ घरधुरी प्रभावित भएका कोशी प्रदेश प्रहरी कार्यालयका सूचना अधिकारी भीमबहादुर दाहालले जानकारी दिए ।

मृत्यु हुनेमध्ये इलामका एक जनालाई खोलाले बगाएर र अन्य सबैको पहिरोमा परेर मृत्यु भएको सूचना अधिकारी दाहालले बताए । उनकानुसार बेपत्तामध्ये पहिरोले चार र खोलाले चार जनालाई बगाएको हो । बाढीपहिरोले गर्दा सोही अवधिमा ४०९ परिवारका एक हजार ६५० जनालाई सुरक्षित स्थानमा स्थान्तरण गरिएको छ भने यहाँ उच्च जोखिममा रहेका घर तथा कार्यालयको संख्या एक हजार ९२ रहेको र ५९ वटा बाटो अबरुद्ध रहेको सूचना अधिकारी दाहालले जानकारी दिए ।

अविरल वर्षाले इलाममा एक, पाँचथरमा पाँच, उदयपुरमा एक र सोलुखुम्बुमा पाँच गरी १४ जनाको मृत्यु भएको छ । यस्तै, घाइते हुनेमा झापामा दुई, पाँचथरमा पाँच, धनकुटामा दुई, तेह्रथुममा एक, खोटाङमा एक गरी १३ जना रहेका छन् । झापाका दुई, पाँचथरका पाँच, मोरङका एकजना बेपत्ता भएका जनाइएको छ । यस्तै, सबैभन्दा बढी झापामा ३०४, मोरङमा १२०, सुनसरीमा ४९, धनकुटामा २३, तेह्रथुममा ११ र उदयपुरमा २१ घर प्रभावित भएका छन् । झापामा ५२३, मोरङमा ४८७, सुनसरीमा ३५८ र खोटाङमा ११९ घर परिवारलाई सुरक्षित स्थानमा सारिएको प्रहरीले जनाएको छ । बाढीपहिरो र डुबानमा परेका नागरिकलाई थप क्षति हुन नदिन प्रदेशभरिमा एक हजार ९२ सुरक्षाकर्मी परिचालन गरिएको थियो । यसक्रममा सुनसरीको बराहक्षेत्र नगरपालिका-६ र ९ मा बाढीमा फसेका ३४ जनाको उद्धार गरिएको थियो । प्रदेशमा भएको क्षतिको पूर्ण विवरण आउन बाँकी रहेको सूचना अधिकारी दाहालले बताए ।

# बाढीपहिरो प्रभावितलाई सुरक्षित स्थानमा सारियो

**लुम्बिनी–** लुम्बिनी प्रदेशका बाढीपहिरो प्रभावित परिवारलाई सुरक्षित स्थानमा सारिएको छ । सुरक्षाकर्मी र स्थानीय समुदायको सक्रियतामा पश्चिम नवलपरासी, पाल्पा, रूपन्देही, गुल्मी र रोल्पाका बाढीपहिरो प्रभावितलाई सुरक्षित स्थानमा सारिएको प्रदेश सरकार आन्तरिक मामिला मन्त्रालय विपद् महाशाखाले जनाएको छ ।

मुख्यमन्त्री चेतनारायण आचार्यले विपद् प्रतिकार्य योजनालाई प्रभावकारी कार्यान्वयन गर्न तीनवटै सुरक्षा निकाय, रेडक्रस, स्वयंसेवक तथा आम सर्वसाधारण नागरिकमा अपिल गरेका थिए । नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनालगायत समुदायका नागरिकबीचको सहकार्यले विपद् प्रतिकार्य योजना कार्यान्वयनमा सहजता आएको हो ।

प्रदेश सरकारको सहजीकरणमा सुरक्षा निकाय र स्थानीय सरकारले विपन्न परेकालाई राहत, पुनःस्थापनाको काम पनि अघि बढाएका छन् । बाढीपहिरोबाट प्रभावितलाई सुरक्षित स्थानमा सारिएको र पुनःस्थापनाको काम अघि बढेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सूचना अधिकारी गंगाधर पाण्डेले जानकारी दिए । उनकाअनुसार बाढीपहिरोको उच्च जोखिममा रहेका स्थानीय सार्वजनिक भवन, छिमेकी तथा आफन्तको घरमा बसेका छन् ।

नवलपरासी वर्दघाट-२ बाँसखोलामा नौ वटा घर बाढीका कारण डुबानमा परेका छन् । स्थानीय कोशबहादुर आले, हरिबहादुर राई, कादर दर्लामी, तोमन सिंह दर्लामी, तिलकुमारी बाह्रघरे, बमबहादुर बाह्रघरे, तिलकबहादुर रुचालको घर तथा गोठमा क्षति पुगेको छ । सुस्ता गाउँपालिका-५ बड्काटोलमा बाढी पसेको छ ।

नारायणी नदीको पानीको बहाव बढ्दा बाँधसमेत फुटेर पानी बस्तीमा छिरेको थियो । स्थानीय प्रहरी र समुदायका नागरिकलाई सार्वजनिक भवनमा सारिएको छ । पाल्पा रैनादेवी छहरा-१ का ज्ञानबहादुर कुमालका १२ जनाको परिवारलाई छिमेकीको घरमा सारिएको छ । बगनासकाली-६ निवासी देवनारायण बस्यालको घर पूर्णरूपमा बस्न नमिल्ने भएपछि दुई जना सदस्यलाई सुरक्षित स्थानमा सारिएको छ । तानसेन-५ कैलाशनगर सुकुम्वासी टोलमा पहिरो झर्दा नौवटा घर जोखिममा परेपछि परिवारलाई सुरक्षित स्थानमा सारिएको छ ।

पाल्पाकै रम्भा-३ ज्ञानिसरा चिर्तौरको घर जोखिममा परेपछि सातजना परिवारका सदस्यलाई छिमेकीको घरमा सारिएको, निस्दि-५ निवासी नरबहादुर सरुको घर जोखिममा परेपछि तीन जना सदस्यलाई सुरक्षित स्थानमा सारिएको, रैनादेवी छहरा-१ मनिकला कुमाल, ओमप्रकाश कुमाल, रीता कुमाल, सिमा कुमाल, मालती नेपालीको घर जोखिममा परेपछि ११ जना सदस्यलाई आफन्तको घरमा सारिएको छ ।

माथागढी-७ निवासी लोकमाया चुहानको घर जमिन भासिँदा जोखिममा परेपछि सातजना सदस्य पुरानो घरमा बसेको, सोही ठाउँ निवासी हीराबहादुर ढेगाको घर पनि बस्न नमिल्ने भएपछि ४ जना सदस्य पुरानो गोठमा बसेको जनाइएको छ । रैनादेवी छहरा-१ निवासी कमला गरम्जाको घर पहिरोले पुरिएपछि तीन जना सदस्यलाई आफन्तको घरमा सारिएको छ । रिब्दीकोट-४ निवासी मीनप्रसादको घर अगाडि पहिरो खस्दा जोखिम बढेपछि चार जना सदस्यलाई सुरक्षित स्थानमा सारिएको हो । पाल्पा तिनाउँ-१ निवास नीरज सास्कोटीको घर पहिरोले पुरिएपछि चार जनालाई सुरक्षित स्थानमा सारिएको छ ।

गुल्मी जिल्लाको छत्रकोट-५ निवासी कृष्ण विकको घरमा क्षति पुगेपछि तीन जनालाई सुरक्षित स्थानमा सारिएको छ । रोल्पा त्रिवेणी-६ धरमखोला निवासी केशरबहादुर वलीको बाख्रा गोठ भत्किएको छ । यस्तै माडी गाउँपालिका-४ बूढागाउँ निवासी गनबहादुर घर्तीको कुखुरा फार्ममा क्षति पुगेको जनाइएको छ । *रासस*

## बेलबारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
बेलबारी मोरङ, कोशी प्रदेश नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति : २०८१/०६/१४ (30th September, 2024)

यस बेलबारी नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१।०५।०७ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना मार्फत आह्वान गरिएको तपसिलको ठेक्कामा दाखिला भएका बोलपत्रहरु मध्ये सबैभन्दा न्यूनतम बोलअंक कबोल गर्ने र सारभूत रुपमा प्रभावग्राही देखिन आएको तपशिल बमोजिमको बोलपत्र स्वीकृतका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ बोलपत्रमा भाग लिने सम्पूर्ण बोलपत्रदाताहरुलाई स्वीकृतिको आशयको सूचना जानकारीका लागि प्रकाशित गरिएको छ ।

**तपसिल:**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मूल्य अधिवृद्धि कर बाहेक) |
|---|---|---|---|---|
| १. | BM/MOR/G/NCB-01-2081-082 | Supply and Delivery of Stationery and of Stationery Items | श्री सालघारी ईन्टरप्राइजेज प्रा.लि. ललितपुर | रू. २२,९५,१९०।०० (अक्षेरेपी वाइस लाख पन्चानब्बे हजार एक सय नब्बे रुपैयाँ मात्र) |

प्रमुख प्रशासकीय अधिकृत


**युएई/कुवेतमा रोजगार** कम्पनी : WADI AWEER MEDICAL&LABORATORY EQUIPEMENT REPAIRING CO

पूर्व स्वीकृति मिति : २०८१/०६/१३ | LT. No. 311469 | चलानी नं.६०२२५९८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 20 | 0 | 1200 | ४३,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Sb group International co.for public facilities management

पूर्व स्वीकृति मिति : २०८१/०६/१३ | LT. No. 311465 | चलानी नं.६०२२५९८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Indoor | 2 | 26 | 90 | ३९,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUN AND COMPANY PVT. LTD.**
Dhumbarahi, Kathmandu, Nepal Tel : +997-1-4375649, 4376170,
Mobile: 9806817311, 9845466237, E-Mail : sun@mail.com.np, bigyan48@yahoo.com, Website : www.sunandcom.com
श्रम ईजाजत नं. १६४/०५६/०५७



**कुवेतमा रोजगार** कम्पनी :Done Interior Factory Company produces metal-wood, home, office & Kitchen Furniture

पूर्व स्वीकृति मिति : २०८१/०६/१३ | LT. No. 311489 | चलानी नं. ६०२२५९७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 5 | 0 | 135 | ५९,३९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaners (Male) | 5 | 0 | 120 | ५२,७२५ | | | | | | | |
| 3 | Painter | 5 | 0 | 135 | ५९,३९५ | | | | | | | |
| 4 | Tailor | 5 | 0 | 135 | ५९,३९५ | | | | | | | |
| 5 | Upholsters | 5 | 0 | 135 | ५९,३९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PREMIUM HR Govt. License 1631/080/081
**PREMIUM HUMAN RESOURCE**
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814, 9851230753, Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np



**युएईमा रोजगार** कम्पनी : SERVEU

पूर्व स्वीकृति मिति : २०८१/०६/११ | LT. No. 311450 | चलानी नं. ६०२२५९३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 50 | 10 | 1000 | ३६,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1287/074/75
**KOPERASI INTERNATIONAL PVT. LTD.**
Tokha -9, Gongabu (Shiva Mandir), Kathmandu, Bagmati
Contact: +977 1- 5912411, 9801123473, 9848172662, Email: Koperasi227@gmail.com



**साउदीमा रोजगार** कम्पनी : Earth Care General Contracting Est.

पूर्व स्वीकृति मिति : २०८१/०६/११ | LT. No. 311462 | चलानी नं. ६०२२५९४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CONSTRUCTION LABOURS | 10 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MASHAREQ INTERNATIONAL OVERSEAS PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4599763, 458335, 985-1018169
Email: mashareqoverseas@gmail.com, Website: www.mashareqoverseas.com.np
श्रम ईजाजत नं. ४१५/०६०/६१



**साउदीमा रोजगार** कम्पनी : Mohammed Al Jarallah Petroleum Equipment and Services Company is a one-person company.

पूर्व स्वीकृति मिति : २०८१/०६/१३ | LT. No. 311419 | चलानी नं. ६०२२६०००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | heavy truck driver (having heavy bus license also -optional) | 14 | 0 | 1800 | ६४,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Rawabi Ahmed Bin Abdullah Al-Furaij Fast Food Establishment

पूर्व स्वीकृति मिति : २०८१/०६/१३ | LT. No. 311417 | चलानी नं. ६०२२५९९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : Ebdaa Al Jubail General Contracting Company

पूर्व स्वीकृति मिति : २०८१/०६/१३ | LT. No. 311418 | चलानी नं. ६०२२५९९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 3 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver Light Bus Van | 1 | 0 | 1800 | ६४,७०० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com
श्रम ईजाजत नं. ५७४/०६२/०६३



**CYPRUS मा रोजगार** कम्पनी : S. Merk. Enterprises Ltd.

पूर्व स्वीकृति मिति : २०८१/०६/०२ | LT. No. 311013 | चलानी नं. ६०२२५५५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 12 | 13 | 700 | १०४,६८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | ५५,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

KII श्रम ईजाजत नं. ४४१/०६०/६१
**Kathmandu International Incorporate Pvt. Ltd.**
Tokha Municipality-10,Samakhushi, Kathmandu, Phone No: 01-49606356, 4952265,
4960635 Mobile No. : 9816501787, 9851009805, Email : kiimanpowernepal@gmail.com


**मोटरसाइकल हराएको सूचना**

मिति २०८१।०६।१० गते काठमाडौं जिल्ला, धुम्बाराही चोकस्थित रहेको ग्रिल हाउसको पार्किङ स्थालबाट कालो, रातो रङ्को 220 CC पल्सर मोटरसाइकल हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनु हुन बिनम्र अनुरोध गर्दछु ।

**धनीको नाम :** सोनाम तामाङ
**बाइक नं.:** बा.प्र. ०३-०५१ प ९८६७
**च्यासिस नं.:** MD2A13EX8RCB81025
**इन्जिन नं. :** DKXCRB19698
**ठेगाना:** धादिङ
**सम्पर्क:** ९८५११७११९३, ९८०३०३१२४५

**बीमालेख हरायो**

मिति:२०८१/०६/१३ गते धापाखेल देखि लगनखेलसम्म जाँदा मेरो निम्न व्यहोरा भएको लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल (LIC)को बीमा पोलिसी हराएकोले पाउनुहुने माहानुभावले नजिकैको प्रहरी कार्यालयमा वा निम्न ठेगानामा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

**नाम : पूर्णिमा घर्ती**
**ठेगाना :** कपुरकोट १, सल्यान
बीमालेख नं.: ११०००३२६१
सम्पर्क नं.: ९८१८४७९८०४

**बीमालेख हरायो**

मिति:२०८१/०६/१३ गते स्याङ्जा बाट काठमाण्डौं आउँदा मेरो निम्न व्यहोरा भएको लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल (LIC)को बीमा पोलिसी हराएकोले पाउनुहुने माहानुभावले नजिकैको प्रहरी कार्यालयमा वा निम्न ठेगानामा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

**नाम : भविश्वर तिवारी**
**ठेगाना :** स्याङ्जा वार्ड नं. १
बीमालेख नं.: ११००६८४७४
सम्पर्क नं.: ९८५१०९०४५९

## Invitation for Sealed Quotation
## Name of the Office: Ghodaghodi Municipality
**Address of the Office: Sukhad, Kailali**

### Invitation for Sealed Quotation for the Procurement of Medicine

***Sealed Quotation No: GMUN/GOODS/06/081/082***
***Date of first Publication: 2081/06/14 (09/30/2024)***

1. The Ghodaghodi Municipality invites sealed quotations from registered Suppliers for the supply and delivery of Procurement of Medicine.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website www.bolpatra.gov.np.
3. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e. www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   *`Name of the Bank: Agricultural Development Bank, Sukhad, Kailali*
   *Name of Office: Ghodaghodi Municipality Office*
   *Office Account no.: 0822300411151072*
   *Rajaswa (revenue) Shirshak no.: 0822300411151196*
4. Sealed bids must be submitted to the office Ghodaghodi Municipality through www.bopatra.gov.np/egp on or before 12:00 hrs on 2081/06/29 (10/15/2024). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/06/29 (10/15/2024) and 14:00 hrs at the office of Ghodaghodi Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of Nrs. 42,000/-, which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 0822300411151072 at Agricultural Development Bank, Sukhad, Kailali and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# प्रभाव दैनिक

सोमबार १४, असोज २०८१ (Monday, September 30, 2024)


## रूपशाला

### रैथाने नाच संरक्षणमा जोड

नेपालमा अझै पनि करिब ८०० रैथाने नाच रहेकाले ती नाचहरूलाई संरक्षण गर्न कलाकारहरूले आह्वान गरेका छन् । राष्ट्रिय नृत्य संघ नेपालले आयोजना गरेको तीन दिवसीय रैथाने नृत्य कार्यशालामा कलाकारहरूले यस्तो अपिल गरेका हुन् । नेपालका प्रथम नृत्य निर्देशक निर्देशक भैरवबहादुर थापाले नेपालका यस्ता रैथाने नाच जोगाउन आवश्यक भएको बताए । राष्ट्रिय नाचघरमा आफू नृत्य निर्देशक रहँदा देशभरका विभिन्न नाचलाई संरक्षण गरेको उनले बताए ।



# निर्मलराजको 'बडा दसैं...' सार्वजनिक

■ प्रभाव संवाददाता




**काठमाडौं–** हिन्दू नेपालीहरूको महान् चाड दसैंको आगमनसँगै दसैंसम्बन्धी विभिन्न गीत सार्वजनिक हुने क्रम बढेको छ । गाउँघर र सहर बजारतिर दसैंका गीत पनि घन्कन थालिसकेका छन् । यही क्रममा गीतकार निर्मलराज पौडेलको 'बडा दसैं, बडा दसैं, हर्षको आगमन' बोलको दसैंगीत सार्वजनिक भएको छ ।

गीतमा पौडेलसहित संगीतकार मोहित मुनाल, गायिका समान्ता थापा, मनिष पौडेलले स्वर दिएका छन् । वेलकम एभी प्रोडक्सनले तयार पारेको म्युजिक भिडियोलाई मनिष पौडेलले निर्देशन गरेका छन् । कोरियोग्राफी दीपिका थापाको रहेको छ ।

उक्त गीतमा कलाकार गोपाल ढकाल 'छन्दे', नवराज कार्कीका साथै वेलकम परिवारका सदस्यहरूले अभिनयमा साथ दिएका छन् । गीतकार तथा गायक पौडेलले भने, 'विगत १०-१५ वर्ष अगाडिसम्म पनि बडा दसैंको रौनक, खुसियालीको माहोल देखिने गर्दथ्यो, तर आजभोलि सबै हराउँदै गएको महसुस हुन थालेको छ । त्यसै कारण हाम्रा पालाका गीत, संगीत, तथा प्रस्तुतिहरूलाई हाम्रा सन्ततिले पनि थाहा पाउन्, महसुस गरुन् भन्ने उद्देश्यले गीत तयार पारेका छौं ।'

गीतमा दसैं मनाउने शैली, परम्परालगायतका रमाइलो सँगसँगै आर्थिक, सामाजिक र पारिवारिक विषयलाई समेटिएको उनले बताए । यसअघि पौडेलले तीज गीत पनि बजारमा ल्याएका थिए ।


## बहराइनमा रोजगार

कम्पनी : Manasalu Management Of Real Estate — सच्याईएको

पूर्व स्वीकृति मिति : २०८०/११/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/११ | LT. No. 301000 | चलानी नं. ६०२१५९७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 1 | 150 | ५३,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Beautician | 0 | 4 | 200 | ७१,०३० | | | | | | | |
| 3 | Cleaner | 40 | 0 | 120 | ४२,६२० | | | | | | | |
| 4 | Data Entry | 2 | 0 | 150 | ५३,२७५ | | | | | | | |
| 5 | Receptionist | 0 | 1 | 180 | ६३,९२५ | | | | | | | |
| 6 | Sales Man | 4 | 4 | 120 | ४२,६२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: इटहरी, सुनसरी ट्रेनिङ सेन्टर, धरान रोडमा मिति: २०८१ असोज २० गते (6th Oct. 2024) मा हुनेछ । झापा, बिर्तामोड-१, सेन्टर पोइन्ट पार्टी प्यालेसमा मिति: २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.(JAYA SHREE HANUMAN) — Govt. License No. 1440/740/75
Basundhara-03,Kathmandu, Nepal, Sunsari Branch: 9829385004 9862035436, 9815390322
Jhapa Branch: Tel: 023-590240, Mob: 9829385004 9862035436, 9815390322,
9825911000, 9820565001, 9820561001, 9825912000, E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com



## साउदीमा रोजगार

कम्पनी : Best Butter Trading Company is a One Person Company

पूर्व स्वीकृति मिति : २०८१/०६/१३ | LT. No. 311503 | चलानी नं.६०२२५९८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1500 | ५३,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Rose Al Majd Gl Contractng Est

पूर्व स्वीकृति मिति : २०८१/०६/११ | LT. No. 311431 | चलानी नं.६०२२५९६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Euro Tech Consultancy Pvt. Ltd. — श्रम ईजाजत नं. ५६७/०६२/०६३
Samakhusi, Ktm, Nepal, Tel: +977-1-4357822, Mob No. 9851021264, 9851084492



## युएईमा रोजगार

कम्पनी : PEAK PERFECTION TECHNICAL SERVICES L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०६/१० | LT. No. 311356 | चलानी नं. ६०२२५८७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant (Male) | 1 | 0 | 1100 | ४०,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Data Entry Clerk | 2 | 0 | 1100 | ४०,०९० | | | | | | | |
| 3 | Plasterer | 7 | 0 | 1400 | ५१,०२५ | | | | | | | |
| 4 | Plumber | 5 | 0 | 1000 | ३६,४४५ | | | | | | | |
| 5 | Steel Fixer | 8 | 0 | 1400 | ५१,०२५ | | | | | | | |
| 6 | Surveyor General | 2 | 0 | 1100 | ४०,०९० | | | | | | | |
| 7 | Tile Polisher | 5 | 0 | 1400 | ५१,०२५ | | | | | | | |

कम्पनी : GRISHMA TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०६/१० | LT. No. 311282 | चलानी नं. ६०२२५८७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 4 | 0 | 1100 | ४०,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 4 | 0 | 1300 | ४७,३८० | | | | | | | |
| 3 | Concrete Masons | 4 | 0 | 1300 | ४७,३८० | | | | | | | |
| 4 | Electrican (Gen) | 4 | 0 | 1300 | ४७,३८० | | | | | | | |
| 5 | False Ceiling/partion Fixer | 4 | 0 | 1300 | ४७,३८० | | | | | | | |
| 6 | Painter | 4 | 0 | 1300 | ४७,३८० | | | | | | | |
| 7 | Plumber | 4 | 0 | 1300 | ४७,३८० | | | | | | | |
| 8 | Steel Fixer | 4 | 0 | 1300 | ४७,३८० | | | | | | | |
| 9 | Tile Layer | 4 | 0 | 1300 | ४७,३८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | ५५,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


M.B. HUMAN RESOURCE PVT.LTD. — Govt. License No. 1504/074/75
Basundhara, Kathmandu, Nepal, Contact: +977-1-4016801, Mobile: 9814067324, 9849362405, 9851168891, 9841374012, Email: mbhuman1504@gmail.com, Web: www.mbmanpower.com



## कुवेतमा रोजगार

कम्पनी : HAZEL SALON LADIES BEAUTY CO.

पूर्व स्वीकृति मिति : २०८१/०६/१३ | LT. No. 311478 | चलानी नं.६०२२६००३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaner | 0 | 4 | 90 | ३९,५४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Hair Assistant | 0 | 4 | 150 | ६५,९०५ | | | | | | | |

कम्पनी : AFANDINA LIGHT FOODS COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/१३ | LT. No. 311477 | चलानी नं.६०२२६००२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Arabic Food Chef | 4 | 0 | 150 | ६५,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Kitchen Helper | 2 | 0 | 120 | ५२,७२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Dana Human Resource Nepal Pvt. Ltd. — Govt. Lic.No 1692/081/81
Sinamangal, Kathmandu, Tel No. +977-01-5923344, Phone No: 980-2373747
Email Id: dananepalpg@gmail.com, info@dananepal.com, website : www.dananepal.com



## कुवेतमा रोजगार

कम्पनी : Munayer Al Deera Co. for Home Delivery for Consumables Wll

पूर्व स्वीकृति मिति : २०८१/०६/१३ | LT. No. 311495 | चलानी नं. ६०२२५९९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LIGHT DRIVERS | 52 | 0 | 160 | ७०,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


BRIGHT FUTURE HR SOLUTION PVT. LTD. — श्रम ईजाजत नं. १६०२/०७९/०८०
KMC-3, Kathmandu, Nepal, Tel: 1-5914632/5924633, 9802348222 , 9762884218
Email: brightfuturehrsolution1602@gmail.com



## साउदीमा रोजगार

कम्पनी : Mapa Construction and Trade Co. Inc

पूर्व स्वीकृति मिति : २०८१/०६/११ | LT. No. 311439 | चलानी नं.६०२२५९६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 14 | 0 | 1263 | ४५,०७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Wadena Plus Men's Barber Shop

पूर्व स्वीकृति मिति : २०८१/०६/११ | LT. No. 311440 | चलानी नं.६०२२५९६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barber | 1 | 0 | 1500 | ५३,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.) — श्रम ईजाजत नं. ३३६/०५९/०६०
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4111286, 4111287 Fax : +977 1 4112590



## बहराइनमा रोजगार

कम्पनी: AMORY BEAUTY HOUSE & SPA — शहर: Manama Bahrain

पुन: स्वीकृत मिति : २०८१/०६/११ | LT. No. 311375 | चलानी नं ६०२२५८०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 5 | 150 | ५३,३३७ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज २१ गते (7th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Chinari Overseas Pvt. Ltd. — श्रम ईजाजत नं. 1165/073/074
Dhumbarahi, Kathmandu, Nepal, Tel : +977-1-4372922/ 4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com


प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

## पूर्वाधार विकास कार्यालय

कोशी प्रदेश
विराटनगर, मोरङ

## शिलबन्दी कोटेशन स्विकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८१/०६/१४)

यस कार्यालयबाट मिति २०८१/०५/१९ गतेको सौय दैनिकमा प्रकाशित शिलबन्दी कोटेशन आह्वानको सूचना अनुसार www.bolpatra.gov.np/egp मार्फत दर्ता भएका वोलपत्रहरु मध्ये तपशिल बमोजिमका वोलपत्रदाताहरुको शिलबन्दी कोटेशन न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भइ स्विकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि. नं. | विवरण | छनौट गरिएको बोलपत्रदाताहरु | कबोल अंक .मु.अ.क. समेत) |
|---|---|---|---|
| 1 | Upgrading of Dhaulagiri Marg , Dharan 15, Sunsari (Contract No : IDO/MOR/SQ/RW-22/081-82) | M/S Mangwarak Construction Company Pvt.Ltd, Dharan, Sunsari | 1916400.69 |
| 2 | Upgrading of Faktaanglung Marg Kalopatre, Dharan 5, Sunsari (Contract No : IDO/MOR/SQ/RW-24/081-82) | M/S Mangwarak Construction Company Pvt.Ltd, Dharan, Sunsari | 1915735.40 |
| 3 | Upgrading of Tharu Kalyankari Gate ekhi Jhamak Khadka ko Ghar Samma Jodne Sadak, Ramdhuni 5 , Sunsari (Contract No : IDO/MOR/SQ/RW-26/081-82) | M/S Jamuna Nirman Sewa, Gadhi, Sunsari | 1021065.11 |
| 4 | Upgrading of Baange Bazaar Gosh Khana Side Ko Dhal Nirmaan, Barahakshetra -2 , Sunsari (Contract No : IDO/MOR/SQ/RW-27/081-82) | M/S Future East Construction Pvt.Ltd., Biratnagar, Morang | 1296327.72 |
| 5 | Upgrading of Shiva Marga Paschimma Bhawana Dasko ghardekhi Purwama Shailendra Guptako Ghardekhi Purwa Samma Apuro drain ra Istariya Gravel, Biratnagar-8, Morang (Contract No : IDO/MOR/SQ/RW-28/081-82) | M/S M.B. Construction Pvt.Ltd., Jahada, Morang | 1289151.91 |
| 6 | Upgrading of Fuleswar Marga Dadiram Ghimire Ko Ghar Dekhi Bikash Neupane Ko Ghar Samma, Biratnagar-4, Morang (Contract No : IDO/MOR/SQ/RW-29/081-82) | M/S Avion Nirman Sewa, Siraha | 1322453.74 |
| 7 | Upgrading of Gramthan-7 Neta chowk Dekhi Bahuni sadak Bahubarsiya Chisang khola Samma, Gramthan, Morang (Contract No : IDO/MOR/SQ/RW-32/081-82) | M/S Sujan Matrix Construction Pvt. Ltd., Babarmahal, Kathmandu | 1455582.26 |
| 8 | Upgrading of Rangtoli Thalaha Jane Bato, Gramthan, Morang (Contract No : IDO/MOR/SQ/RW-33/081-82) | M/S R.C. Construction, Sundarharaicha, Morang | 1268707.18 |
| 9 | Upgrading of Pulkit Chowk Hudai 15 Bed ko Aspatal Hudai Nahar Jane Sadak, Barju Ga.Pa 4 , Sunsari (Contract No : IDO/MOR/SQ/RW-35/081-82) | M/S Tabij Nirman Sewa, Gadhi, Sunsari | 1207965.36 |
| 10 | Upgrading of Inaruwa Na.Pa Wada Na 5 Duhabi Inaruwa Sadakko Dakshin Tarfa Kali Prasad Margama Batoko Dubai Tarfa Edging Wall Samahi Interlock Tile Lagaunae Karya , Inaruwa, Sunsari (Contract No : IDO/MOR/SQ/RW-37/081-82) | M/S Mohan Nirman Sewa, Gadhi, Sunsari | 1235937.38 |

# ‘बेरुतमा फैलिएको त्रासदीबाट गम्भीर चिन्तित छु’



**न्युयोर्क, अमेरिका–** संयुक्त राष्ट्रसंघका प्रमुख एन्टोनियो गुटेरेसले मध्यपूर्वमा बढ्दो हिंसाप्रति चिन्ता व्यक्त गर्दै सबै पक्षलाई तुरुन्तै हिंसा रोक्न आग्रह गरेका छन् ।

बेरुतमा इजरायली हवाई आक्रमणमा परी हेजबुल्लाहका नेता हसन नसरल्लाहको मृत्युपछि गुटेरेसले यो टिप्पणी व्यक्त गरेका हुन् । सामाजिक सञ्जाल एक्समार्फत गुटेरेसले आइतबार भने, ‘विगत २४ घण्टामा बेरुतमा भएका घटनाहरूमा म गम्भीर चिन्तित छु । हिंसाको यो चक्र तत्काल बन्द हुनुपर्छ । लेबनानी जनता, इजरायली जनता साथै सम्पूर्ण क्षेत्र युद्धको खर्च वहन गर्न सक्दैनन् ।’

यसैबीच, संयुक्त राष्ट्र बाल कोष (युनिसेफ)ले एक्समा एउटा पोस्ट साझा गर्दै भन्यो, ‘लेबनानको त्रासदीमाथि त्रासदी थपिँदै छ । हाल हिंसाको वृद्धिले हजारौंको ज्यान लिएको छ र मानिसमा अकल्पनीय डर पैदा गरेको छ । लेबनानका बालबालिकाका लागि विशेष व्यवस्था गर्न आवश्यक छ ।’ इजरायली रक्षा बल (आइडिएफ)ले पनि शनिबार बेरुतको दहिह जिल्लामा गरेको आक्रमणमा वरिष्ठ हिजबुल्लाह गुप्तचर हसन खलील यासिनको मृत्यु भएको सेनाले जनाएको छ ।

यसैबीच, हिजबुल्लाहले बेरुतमा भएको इजरायली हवाई आक्रमणमा आफ्ना नेता हसन नसरल्लाहको मृत्युलाई आधिकारिकरूपमा स्वीकार गरेको सिएनएनले जनाएको छ । लेबनानको स्वास्थ्य मन्त्रालयले हसन नसरल्लाहलाई लक्षित गरेको हवाई आक्रमणमा कम्तीमा छ जनाको मृत्यु र दर्जनौं घाइते भएको जनाएको छ । साथै, नसरल्लाहको मृत्युपछि प्रधानमन्त्री बेञ्जामिन नेतान्याहुले इरानको आयातोल्लाह शासनलाई चेतावनी दिँदै इजरायललाई लक्षित आक्रमण गर्नेले भयानक परिणाम भोग्नुपर्ने र इरान वा मध्यपूर्वको कुनै पनि स्थान इजरायलको पहुँचभन्दा बाहिर नभएको बताए । *रासस/एएनआई*

## लेबनानका १० लाख नागरिकलाई आपत्कालीन खाद्यान्न सहयोग

**रोम–** विश्व खाद्य कार्यक्रमले लेबनानमा जारी द्वन्द्वबाट प्रभावित १० लाख मानिसलाई खाना उपलब्ध गराउन आपत्कालीन अभियान सञ्चालन गरेको जनाएको छ ।

रोमस्थित एजेन्सीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘यो सप्ताह अन्त्यमा जारी द्वन्द्वले तत्काल मानवीय प्रतिक्रियाको आवश्यकतालाई जोड दिएको छ । यसले देशभरका आश्रयस्थलहरूमा तयारी खानाका लागि खाद्यान्न, रोटी, ताजा खाना र तयारी खानाका पोकाहरू वितरण गरिरहेको छ ।’ बेरुतको बाहिर क्षेत्रमा भएको बम आक्रमणमा इरान समर्थित समूहका नेता हसन नसरल्लाह मारिएको दुई दिनपछि इजरायलले लेबनानको हिजबुल्लाहका दर्जनाआश्रयस्थललाई लक्षित गरी थप हवाई आक्रमण गरिरहेको आइतबार जनाएको छ ।

सन् २०२३ को अक्टोबर ७ मा प्यालेस्टाइनको सहयोगी हमासले इजरायलमाथि एक्कासि आक्रमण गरेपछि इजरायल र हिजबुल्लाहबीच करिब एक वर्षयता सीमापार गोली हानाहान हुँदै आएको थियो । डब्ल्युएफपीका अनुसार लेबनानमा भएको बम विष्फोटले ‘सञ्चित संकटको बोझले थिचिएको जनसंख्याको समस्यालाई अझ जटिल बनाएको छ ।’

लेबनानका लागि डब्ल्युएफपीका निर्देशक म्याथ्यु होलिङवर्थले भने, ‘डब्ल्युएफपीको सहयोग केही दिनमै हजारौं नयाँ विस्थापितबीच पुगेको छ । संकट गहिरिँदै जाँदा हामीले नगद र खाद्यान्नको मिश्रणबाट १० लाख मानिसलाई सहयोग गर्ने तयारी गरिरहेका छौं ।’

‘अन्तर्राष्ट्रिय समुदायलाई १० करोड ५० लाख अमेरिकी डलर परिचालन गरी वर्षको अन्त्यसम्म सञ्चालनका लागि सहयोग गर्न आह्वान गर्दछौं,’ उनले अगाडि भने । डब्ल्युएफपीका क्षेत्रीय निर्देशक कोरिन फ्लेशरले लेबनान समस्याको एउटा केन्द्रबिन्दु र अर्को युद्ध सहन नसक्ने बताए । *रासस/एएफपी*



क्यानाडाको ब्रिटिस कोलम्बियास्थित भ्यानकुभर आर्ट ग्यालरी प्लाजामा आयोजित थाई फेस्टिवलमा परम्परागत नृत्य प्रस्तुत गर्दै थाई नर्तकहरू ।
*तस्बिरः एएफपी*

## बेलायतः नयाँ नेतृत्व र भावी दिशा तय गर्न कञ्जरभेटिभ पार्टी सदस्य बर्मिंघममा भेला



**लण्डन–** चुनावमा ऐतिहासिक पराजय भोगेका आफ्ना घाउहरूमा मलम लगाउँदै बेलायतको विपक्षी कञ्जरभेटिभहरू आइतबार वार्षिक सम्मेलनका लागि भेला भएका छन् । लेबर पार्टीले टोरीलाई सत्ताबाट हटाएको तीन महिनापछि मध्य इंल्यान्डको बर्मिंघममा चारदिने बैठक हुन लागेको हो । सन् २००९ पछि कञ्जरभेटिभ्स विपक्षमा रहेर हुन लागेको यो पहिलो सम्मेलन हो ।

भेलामा चार जना उम्मेदवारले संसदीय सहकर्मी र ग्रासरुटका सदस्यहरूको अगाडि आफ्ना भनाइ राख्ने छन् र उनीहरूलाई पूर्वप्रधानमन्त्री ऋषि सुनकलाई अर्को टोरी नेताको रूपमा प्रतिस्थापित गर्न सहमत गराउने प्रयास गर्ने छन् । बेलायतको दोस्रो ठूलो सहरस्थित इन्टरनेसनल कन्भेन्सन सेन्टरको मुख्य हलमा केमी बाडेनोच, रोबर्ट जेनरिक, जेम्स क्लेभरली र टम टुगेन्धाटले भेलालाई सम्बोधन गर्ने छन् ।

युनिभर्सिटी अफ म्यानचेस्टरका राजनीतिका प्राध्यापक रोबर्ट फोर्डले एएफपीसँग भने, ‘भेला अनिवार्यरूपमा हुने ‘ट्यालेन्ट परेड’ हुने छ । कञ्जरभेटिभ पार्टीका सांसदहरूले अन्तिम दुई उम्मेदवारको टुंगो लगाउन अर्को हप्ता मतदान गर्ने छन् । त्यसपछि अक्टोबरको अन्त्यमा बन्द हुने मतदानमा पार्टीका सदस्यहरूले विजेता चयन गर्ने छन् ।’

बेलायतको नयाँ विपक्षी नेता र पार्टीलाई पुनः एकताबद्ध गर्ने र पुनः निर्वाचित गराउने जिम्मेवारी पाउने नेताको चयन भेलाले गर्ने छ । यद्यपि, यसको घोषणा नोभेम्बर २ मा गरिने छ । जुलाई ४ मा कञ्जरभेटिभ्सको अहिलेसम्मकै सबैभन्दा खराब आमचुनावको परिणामपछि पार्टीले नेतृत्वमा जो आए पनि दायाँबायाँ अगाडि बढ्ने वा सीधै अघि बढ्ने निर्णय गर्ने छ ।

बेलायतको ६५० सदस्यीय संसद्मा लेबर पार्टीले १७४ सिटको भारी बहुमत प्राप्त गरेको छ । टोरीहरूले संसद्मा यसअघि रहेको २५१ सिट गुमाएर १२१ सिटमात्र जितेको छ । यो उनीहरूको इतिहासमा सबैभन्दा कम संख्या हो । सन् २०१९ मा भएको अघिल्लो चुनावमा टोरीहरूले बोरिस जोनसनको नेतृत्वमा ३६४ सदस्यसहित लेबर पार्टीको २०३ सिटभन्दा करिब ८० सिटको बहुमत प्राप्त गरेका थिए ।

### राजनीतिक संकट

पार्टीमा व्यापक उथलपुथल भएको छ । डाउनिङ स्ट्रिटका कर्मचारीहरूले कोरोना भाइरसको महामारीका कारण गरिएको लकडाउनको समयमा पार्टीका नेताले गरेका थुप्रै स्क्यान्डलहरूले जोनसनलाई पदबाट हट्न बाध्य तुल्याएको थियो ।

त्यसपछि उनको उत्तराधिकारी लिज ट्रस बनेका थिए तर उनको मिनी-बजेटको कारण उनको नेतृत्वको सरकार केवल ४९ दिनमात्र चलेको थियो । उनको मिनी बजेटका कारण पाउण्डको मूल्यमा आएको गिरावटले बजारलाई बेलायतको आर्थिक बजारलाई त्रसित बनाएको थियो ।

प्रभावित बजारलाई स्थिर राख्न ल्याइएका सुनकले त्यो स्खलनलाई उल्टयाउन सकेनन् र उनको २० महिनाको कार्यकाल गुटगत कलहले बिथोलियो । नयाँ जनमत लिन घोषणा गरिएको चुनावपछि उत्तराधिकारी चयन गर्ने र आफूले राजीनामा दिने सोच उनले बनाएका थिए ।

पार्टीले द्विविधाको सामना गरिरहेको छः के यसले नाइजेल फारेजको कट्टर दक्षिणपन्थी सुधारवादी युके पार्टीमा प्रवेश गरेका मतदाताहरूलाई जिताउन ध्यान केन्द्रित गर्नुपर्दछ वा मध्यमार्गी लिबरल डेमोक्र्याट्समा प्रवेश गर्नेहरूको समर्थन पुनः प्राप्त गर्ने लक्ष्य राख्नुपर्छ ? हालका वर्षहरूमा समग्ररूपमा पार्टी दक्षिणपन्थी भएको छ तर बाडेनोच र जेनरिकलाई उम्मेदवारहरूको अधिक दक्षिणपन्थीको रूपमा हेरिएको छ भने क्लेवरली र टुगेन्धाट मध्यको नजिक छन् ।

लण्डनको क्वीन मेरी युनिभर्सिटीका राजनीतिका प्राध्यापक टिम बेलले भने, ‘यो सत्य हो कि अन्य दलमध्ये कुनै एकले यसलाई पूर्णरूपमा परित्याग नगरेसम्म यसले मध्यमार्गी बाटो अवलम्बन गर्दा नै विजय प्राप्त गर्न सक्ने देखिन्छ । अब लेबर पार्टी यसलाई उकास्न पूर्णतया कटिबद्ध देखिन्छ, यस्तो देखिन्छ कि कञ्जरभेटिभहरूले सम्भवतः त्यस क्षेत्रमा लड्नुपर्छ ।’ सम्मेलन बुधबार सकिने छ । *रासस/एएफपी*

## १०० भन्दा बढी युक्रेनी ड्रोन नष्ट गरेको रूसको दाबी

**मस्को–** रूसले रातभरमा आफ्नो क्षेत्रमा प्रवेश गरेका १२५ युक्रेनी ड्रोन नष्ट गरेको साथै आक्रमणबाट कुनै क्षति नभएको रक्षा मन्त्रालयले आइतबार जनाएको छ । ‘करिब १२५ युक्रेनी ड्रोन रुसी हवाई रक्षा प्रणालीद्वारा नष्ट गरिएको छ,’ मन्त्रालयले टेलिग्राममा भनेको छ । दक्षिणी रूसको भोल्गोग्राद क्षेत्रमा ६७ वटा ड्रोन नष्ट गरिएको गभर्नर आन्द्रे बोचारोभले बताए ।

त्यसैगरी, बेलगोरोड क्षेत्रमा १७ र भोरोनेज क्षेत्रमा १७ वटा ड्रोन नष्ट गरिएको गभर्नर अलेक्सान्डर गुसेभले बताए । भोरोनेज सहर र यसको उपनगरमा ड्रोन खस्दा दुई आवासीय भवनमा आगलागी भएको तर कुनै हताहती नभएको उनले बताएका छन् । रोस्तोभ क्षेत्रमा थप १८ वटा ड्रोनहरू नष्ट गरिएको गभर्नर भासिली गोलुबेभले टेलिग्राममा बताए । ब्रायन्स्क, कुर्स्क र क्रास्नोडार क्षेत्रमा एक/एक युक्रेनी ड्रोन नष्ट गरिएको र आजभ सागरमा तीन ड्रोन नष्ट गरिएको रक्षा मन्त्रालयले बताएको छ । *रासस/एएफपी*

## पाकिस्तानमा बन्दुकधारी समूहद्वारा सात श्रमिकको हत्या

**क्वेटा–** पाकिस्तानको दक्षिणपश्चिमी क्षेत्रमा सशस्त्र समूहले सात जना मजदुरको गोली हानी हत्या गरेको प्रहरीले आइतबार जनाएको छ । पञ्जाब प्रान्तबाट कामका लागि बलुचिस्तान प्रान्त गएका मजदुरमाथि पञ्जगुर जिल्लामा रहेको एक घरमा राति आक्रमण भएको थियो ।

प्रान्तीय राजधानी क्वेटास्थित बलुचिस्तान प्रहरीका प्रमुख मोअज्जम जाह अन्सारीले भने, ‘सात जना मजदुरको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।’ बलुचिस्तान पाकिस्तानको सबैभन्दा गरिब प्रान्त हो । प्रयोगहीन प्राकृतिक स्रोतहरूको प्रचुरताको बावजुद, यहाँ पृथकतावादी समूहहरूले सुरक्षा बलका साथै छिमेकी प्रान्तका पाकिस्तानीहरूमाथि आक्रमण गर्ने गरेका छन् । पाकिस्तानका छ वटा मुख्य जातीय समूहहरूमध्ये पञ्जाबीहरूको सबैभन्दा ठूलो समूह छ र उनीहरूलाई व्यापार, सरकार र सेनाको दर्जामा हावी मानिन्छ ।

गत अगस्टमा बलोच लिबरेसन आर्मी (बिएलए) ले यस क्षेत्रमा भएको सबैभन्दा भयानक गोलीकाण्डमा कम्तीमा ३९ जनाको ज्यान जाने गरी भएको समन्वित आक्रमणको दाबी गरेको थियो । रातभरको आक्रमणका क्रममा लडाकुहरूले राजमार्गमा कार रोकेर छिमेकी प्रान्तबाट आएकाहरूको हत्या गरेका थिए । गत अप्रिलमा नौश्की सहरमा बसबाट अपहरणमा परेका ११ जना पञ्जाबी मजदुरको मृत्यु भएको थियो भने मे महिनामा हजामका रूपमा काम गर्ने छ जना पञ्जाबीलाई गोली हानी हत्या गरिएको थियो । सन् २०२१ मा छिमेकी मुलुक अफगानिस्तानमा तालिबान सरकार सत्तामा फर्केपछि पाकिस्तानको सीमावर्ती क्षेत्रमा आतंकवादी आक्रमणमा वृद्धि भएको छ । *रासस/एएफपी*

## अमेरिकामा आँधीका कारण ६३ जनाको मृत्यु

**सेडार की, संयुक्त राज्य अमेरिका–** अमेरिकामा ‘हेलेन’ नामक आँधीका कारण पाँच राज्यमा कम्तीमा ६३ जनाको मृत्यु भएको छ । आँधी प्रभावित क्षेत्रमा बिजुली कटौती भएको छ । उद्धारकर्ताले शनिबार विनासकारी आँधीबाट बेपत्ता भएकाहरूको खोजी प्रयास जारी राखेका छन् ।

चौथो श्रेणीको आँधीको रूपमा बिहीबार फ्लोरिडामा अवतरण गरेको हेलेन विस्तारै निष्क्रिय हुँदै उत्तरतर्फ बढेको थियो । अलाबामा, फ्लोरिडा, जर्जिया, नर्थ क्यारोलिना, साउथ क्यारोलिना र टेनेसी गरी छ वटा राज्यमा संघीय आपत्कालीन अवस्था घोषणा गरिएको छ र उद्धारका लागि संघीय आपत्कालीन व्यवस्थापन प्रशासन (फेमा) का ८०० भन्दा बढी कर्मचारीहरू तैनाथ गरिएको छ ।

हाल ‘उत्तर-उष्णकटिबन्धीय चक्रवात’ को रूपमा वर्गीकृत गरिएको आँधी ओहायो उपत्यका र मध्य एपलाचियनलाई आइतबारसम्म रहने अपेक्षा गरिएको नेसनल शुरिकेन सेन्टरले जनाएको छ । आँधीजन्य विपत्का कारण दक्षिण क्यारोलिनामा कम्तीमा २४, जर्जियामा १७, फ्लोरिडामा ११, उत्तरी क्यारोलिनामा १० र भर्जिनियामा एक जनाको मृत्यु भएको स्थानीय अधिकारी र सञ्चारमाध्यमले जनाएका छन् ।



मौसम पूर्वानुमानसम्बन्धी राष्ट्रिय निकायले ‘विगत दुई दिनदेखि आएको विनासकारी बाढीपछि आइतबार स्थितिमा सुधार हुने जानकारी गराएको थियो । तर बिजुली कटौती लामो समयसम्म हुनसक्ने चेतावनी दिइएको थियो । आँधीको प्रभावले दक्षिणपूर्वी फ्लोरिडादेखि मिडवेस्ट इन्डियानासम्म १० राज्यमा २६ लाख मानिस विद्युत्को अभावमा अध्यारोमा बसिरहेका छन् । *रासस/एएफपी*

## भारतमा बस र ट्रक ठोक्किँदा १० जनाको मृत्यु, २४ घाइते

**नयाँदिल्ली–** भारतको मध्य प्रदेश राज्यमा रोकिराखेको ‘डम्पर ट्रक’मा बस ठोक्किँदा कम्तीमा १० जनाको मृत्यु हुनुका साथै अन्य २४ जना घाइते भएका छन् । मध्य प्रदेशको राजधानी भोपालबाट करिब ४९० किलोमिटर उत्तरपूर्वमा पर्ने मैहर जिल्लाको नादान देहात प्रहरी चौकी क्षेत्रमा शनिबार राति सो दुर्घटना भएको हो ।

प्रहरी उपरीक्षक सुधिर अग्रवालले घटनाको पुष्टि गर्दै भने, ‘गएराति नादान देहात थाना क्षेत्रमा राष्ट्रिय राजमार्गमा यात्रु बोकेको बस रोकिराखेको ढुंगाले भरिएको ‘डम्पर ट्रक’मा ठोक्किँदा १० जनाको मृत्यु भएको छ भने २४ जना घाइते भएका छन् ।’

पाँच जनाको घटनास्थलमै मृत्यु भएको छ भने अन्य २९ जनालाई सतना अस्पतालमा लगिएको छ । दुर्घटनामा परी घाइते भएका थप पाँच जनाको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । दुई जना यात्रुको अवस्था गम्भीर रहेको बताइएको छ ।

प्रहरीका अनुसार बसभित्र फसेका यात्रुलाई स्थानीय नागरिक र प्रहरीले उद्धार गरेका थिए । प्रहरीले दुर्घटनाको अनुसन्धान सुरू भइसकेको जनाएको छ । उत्तर प्रदेशबाट आउँदै गरेको बस महाराष्ट्रको नागपुरका लागि छुटेको थियो । भारतमा प्रायः क्षमताभन्दा अत्यधिक भार, कमजोर सडक अवस्था र लापरवाहीपूर्वक हुने ड्राइभिङको कारण घातक सडक दुर्घटनाहरू हुने गर्छन् । भारतमा हरेक वर्ष करिब पाँच लाख सडक दुर्घटनामा एक लाख ५० हजार मानिसको मृत्यु हुने गरेको अधिकारीहरूले बताएका छन् । *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

| आजको मूल्य | छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|---|
| | प्रति तोला – १६०६०० | प्रति तोला – ० | प्रति तोला – १९४५ |



**झोलुंगेपुलमा क्षति** | **अविरल वर्षाका कारण आएको बाढीले भोजपुरको दक्षिण हतुवागढी गाउँपालिका–९ चुहार र उदयपुरको बेलका नगरपालिका–८ मैनामैनी जोड्ने दूधकोसी नदीमाथिको झोलुंगे पुलमा पुऱ्याएको क्षति । पुलको बीच भागमा रहेको ३० वटा प्लेट बगाएपछि आवतजावतमा समस्या भएको छ ।** *तस्बिरः निरोज कोइराला/रासस*

# विपद्का बेला विमान कम्पनीहरूको कमाउने दाउ

## सरकारको निर्देशनपछि महँगो शुल्क लिने निर्णयबाट पछि हट्यो, तर तीन दिनलाई मात्रै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बाढीपहिरोका कारण सडक सञ्जाल अवरुद्ध भएको मौका छोप्दै विमान कम्पनीहरूले अधिकतम मूल्यमा हवाई टिकट बिक्री गर्न थालेपछि आइतबार चौतर्फी आलोचना भयो । विपद्मा परेकाहरूलाई सहुलियतमा सेवा दिनुपर्ने बेला उल्टै महँगो शुल्कमा टिकट बेचेर कमाउने दाउमा लागेको भन्दै आलोचना भएको हो ।

नागरिकस्तरबाट आलोचना भएपछि नियामक नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले विपद्को अवस्थामा यात्रुसँग बढी भाडा नलिन विमान कम्पनीहरूलाई निर्देशन दियो । प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलले कम्तीमा विपद्को समयमा मानवीय पक्षलाई पनि हेरेर हवाई भाडा सस्तो दरमा उपलब्ध गराउन आग्रह गरिएको बताए ।

अमेरिकामा रहेका प्रधानमन्त्री केपी शर्मा ओलीलेसमेत सामाजिक सञ्जालमार्फत विपत्तिको समयमा यात्रुहरूसँग पहिलेभन्दा सहुलियत मूल्यमा वा पहिलेकै दरमा भाडा लिएर सहयोग गर्न अनुरोध गरे । 'एयरलाइन्सलाई यस्तो विपत्तिको समयमा यात्रुहरूसँग पहिलेभन्दा सहुलियत मूल्यमा वा पहिलेकै दरमा भाडा लिएर सहयोग गर्नुहुन अनुरोध छ,' प्रधानमन्त्री ओलीले सामाजिक सञ्जालमा लेखेका छन्, 'हामीमाथि परेको प्राकृतिक विपत्ति हामी सबै मिलेर सामना गर्नुपर्छ ।'

उक्त आग्रहपछि विमान कम्पनीहरू पछि हटेका छन् तर तीन दिनका लागि मात्रै । प्राधिकरण र प्रधानमन्त्रीको अनुरोधपछि वायुसेवा सञ्चालक संघको आइतबार बसेको बैठकले आगामी तीन दिनसम्म अधिकतम मूल्यमा हवाई टिकट बिक्री नगर्ने निर्णय गरेको हो ।

संघका अध्यक्ष मनोज कार्कीले सोमबार, मंगलबार र बुधबारसम्म यात्रुलाई टिकट बिक्री गर्दा अधिकतम मूल्य नलिने निर्णय भएको जानकारी दिए । उनले यसका लागि सरकारसँग पनि इन्धन, विमानस्थल शुल्क, ल्याण्डिङ र पार्किङलगायतको शुल्कमा छुट गर्न आग्रह गरिएको बताए । यसो भएको अवस्थामा हवाई भाडादर अझै घटाएर यात्रुलाई सहुलियत दिन सकिने उनको भनाइ छ । हाल काठमाडौं आउने मुख्य सडकमार्ग बाढी तथा पहिरोका कारण अवरुद्ध छन् । यस्तो अवस्थामा यातायातको एकमात्र विकल्प भएको हवाई उडानको भाडादर अस्वाभाविक रूपमा बढाइएको भन्दै नागरिकस्तरबाट आलोचना भएको हो ।



**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक उडान कक्षमा आइतबार यात्रुको भीड । अविरल वर्षासँगै सडकमार्ग अवरुद्ध भएपछि मुलुकका विभिन्न स्थानमा जाने यात्रुको भीड लागेको हो ।** *तस्बिरः हरिप्रसाद बास्तोला/रासस*

## हवाई भाडा नियन्त्रण गर्न समितिको निर्देशन

**काठमाडौं (प्रस)–** राज्य व्यवस्था तथा सुशासन समितिले अस्वाभाविकरूपमा हवाई भाडा दर बढाइएको उल्लेख गर्दै नियन्त्रण गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई निर्देशन दिएको छ ।

समितिका सभापति रामहरि खतिवडाले आइतबार देशका विभिन्न स्थानमा बाढी र पहिरोका कारण सडक यातायात अवरुद्ध हुँदा हवाई भाडा दरमा नियन्त्रण तथा सहजीकरण गर्न मन्त्रालयलाई निर्देशन दिएका हुन् ।

'यस विकराल तथा प्रतिकूल परिस्थितिमा आवतजावतको विकल्पका रूपमा रहेको हवाई यातायातसमेतमा आन्तरिक उडान गर्ने विमान सेवा कम्पनीहरूले आफूखुसी हवाई भाडा बढाउँदा आमनागरिकमा यसले ठूलो असर पारेको देखिन्छ,' निर्देशनमा भनिएको छ, 'तसर्थ हवाई भाडा दरमा नियन्त्रण गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई आवश्यक निर्देशन गर्दछु ।'

# ११ ब्राण्डका पानीमा भेटियो 'फिकल कोलिफर्म', बिक्री वितरणमा रोक

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** काठमाडौंमा बिक्री हुने विभिन्न ११ ब्राण्डका पानीमा 'फिकल कोलिफर्म' भेटिएको छ । काठमाडौं महानगरपालिकाले नमूना परीक्षणबाट पानीमा फिकल कोलिफर्म रहेको पुष्टि भएपछि ती सबै ब्राण्डका पानी बिक्री वितरणमा रोक लगाएको छ ।

बिक्रीमा रोक लगाइएका हरेकलाई दुई लाख रूपैयाँका दरले जरिवाना गर्ने निर्णय भएकोसमेत महानगरले जनाएको छ । महानगरले कोलिफर्म भेटिएको पानीको नमूना सरकारी निकायका प्रयोगशालाबाट प्राविधिक परीक्षण गरेर प्रतिवेदन बुझाउन परिपत्र गरेको छ । यसरी बुझाइएको प्रतिवेदनमा फिकल कोलिफर्म शून्य देखिएपछि बिक्री वितरण गर्न सकिने पत्रमा उल्लेख छ ।

'भदौ १२ गतेदेखि २८ गतेका बीचका विभिन्न दिनमा विभिन्न स्थानहरूबाट २० वटा पानीको नमूना लिइएको थियो । यसबाहेक उपभोक्ताले गुनासो गरेपछि एउटाको नमूना संकलन गरेर काठमाडौं उपत्यका खानेपानी लिमिटेडको प्रयोगशालामा परीक्षणका लागि पठाइएको थियो,' महानगरले भनेको छ, 'यसरी पठाइएका २१ वटा नमूनामध्ये ११ वटामा फिकल कोलिफर्म देखिएको हो । प्रति १०० मिलिलिटर नमूना परीक्षणमा कोलोनी फर्मिङ युनिट (सिएफयू) मापदण्डविपरीत देखिएको हो ।'

महानगरका अनुसार सिएफयू सूक्ष्म जीवको अवस्था हेर्न प्रयोग गरिने युनिट हो । खाद्य पदार्थको अनिवार्य गुणस्तर मापदण्डअनुसार प्रशोधित पिउने पानीमा कोलिफर्म शून्य हुनुपर्छ । फिकल कोलिफर्म दिशामा पाइन्छ । दिशामा पाइने सूक्ष्म जीव पानीमा भेटिनुलाई पिउन अयोग्य मानिन्छ ।

जरिवाना र बिक्री वितरणमा रोक लगाइएका पानीका ब्राण्डहरूमा पञ्चरत्न ग्रुप टोखाको उत्पादन फ्रेस ड्रप, टोखाकै अक्वा पिस र अक्वा टोखा, कागेश्वरी मनोहरास्थित उत्तरवाहिनी फुड एण्ड वेभरेजले उत्पादन गर्ने कोलभोतेश्वर, गोकर्णेश्वरमा सञ्चालित अक्वा सुन्दरी उद्योगले उत्पादन गर्ने अक्वा डिवीलगायत छन् ।

यस्तै अकुवा, क्युब प्रोसेस ड्रिंकिं वाटर, अक्वा माइल्ड, अक्वा कपन र अक्वा गौरीशंकर ब्राण्डका पानी पनि पिउन अयोग्य भेटिएपछि बिक्री वितरण बन्द गरिएको महानगरले जनाएको छ ।

## क्षतिग्रस्त खानेपानी प्रणाली पुनःस्थापना गर्न निर्देशन

**काठमाडौं (प्रस)–** खानेपानीमन्त्री प्रदीप यादवले अविरल वर्षाका कारण क्षतिग्रस्त खानेपानी प्रणालीलाई चुस्तदुरुस्त बनाई आपूर्ति व्यवस्था सुनिश्चित गर्न निर्देशन दिएका छन् । मन्त्रालयमा आकस्मिक बैठक राखी मन्त्री यादवले तीन दिनको लगातारको वर्षाले खानेपानी प्रणालीअन्तर्गत मात्र करिब एक अर्ब रूपैयाँ क्षति भएको प्रारम्भिक विवरण प्राप्त भएको जानकारी दिँदै क्षतिको पूर्ण विवरण लिई प्राथमिकताका साथ खानेपानी प्रणालीलाई पुनःस्थापित गर्न सम्बद्ध उच्च अधिकारीहरूसँग अनुरोध गरे ।

उनले मन्त्रालयका सचिव, विभागीय प्रमुखसहितका उच्चअधिकारी सम्मिलित बैठकमा भने, 'लगातार आएको तीन दिनको वर्षाले काठमाडौं उपत्यकासहित मुलुकका धेरै भाग प्रभावित भई खानेपानी प्रणालीलाई क्षति पुऱ्याएको छ, पानी व्यवस्थापन गर्नुपर्ने दायित्व हाम्रो मन्त्रालयको हो, यस विषम् परिस्थितिमा युद्धस्तरमा खटिएर दसैंअघि खानेपानी प्रणाली पुनःस्थापित गर्न सम्बद्ध सबैलाई निर्देश गर्दछु ।'

अविरल वर्षासहित आएको बाढीका कारण उत्पन्न हुनसक्ने हैजा रोगलगायतका महामारीबाट प्रभावित जनतालाई जोगाउन पानीको परीक्षणका लागि प्राविधिक टोली परिचालन गर्न सम्बद्ध पक्षको ध्यानाकर्षण गरे । सो अवसरमा बागमती नदीमा आएको बहावका कारण सुन्दरीजलको पानी प्रशोधन केन्द्रमा पानीको धमिलोपनले गर्दा प्रशोधन प्रक्रिया अवरुद्ध भई काठमाडौं उपत्यकाको खानेपानी आपूर्ति व्यवस्था अवरुद्ध भएको, ललितपुरको फर्पिङस्थित जलविद्युत् परियोजनामा पेनस्टक पाइप विष्फोट हुँदा पानी वितरण रोकिएको र सुन्दरीघाटस्थित इलेक्ट्रोमेकानिकल शाखामा रहेका महत्त्वपूर्ण उपकरण डुबेर क्षतिग्रस्त भएकोलगायत विषयमा छलफल भएको बताइएको छ ।

## सेयर कारोबार तीन महिनायताकै न्यून

**काठमाडौं (प्रस)–** साताको पहिलो कारोबार दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकको गिरावट देखिएको छ । यस दिन कारोबार रकम पनि घटेको छ ।

आइतबार परिसूचक २२.३६ अंकले घटेर दुई हजार ४६४.४० को बिन्दुमा कायम भएको छ । यस दिन ३२७ कम्पनीको एक करोड तीन लाख ११ हजार ८८५ कित्ता सेयर ५८ हजार ४०१ पटक खरिदबिक्री हुँदा कारोबार रकम चार अर्ब पाँच करोड छ लाख ५८ हजार रूपैयाँमा खुम्चिएको छ । नेप्सेमा आइतबार भएको कारोबार रकम पछिल्लो तीन महिनायताकै न्यून हो ।

आइतबार उत्पादन तथा प्रशोधन समूहको उपसूचक १.०३ प्रतिशतले बढेको छ । अरू सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा बढी व्यापार समूह २.९७ र जलविद्युत् समूह २.३६ प्रतिशले घटेको छ । बैंकिङ ०.७४, विकास बैंक ०.८९, वित्त १.९१, होटल तथा पर्यटन १.४७ र लगानी समूह १.४० प्रतिशतले घटेको छ । त्यस्तै, जीवन बिमा समूह ०.३१, म्युचुअल फण्ड १.२१, निर्जीवन बिमा ०.१५ र अन्य समूह १.०२ प्रतिशतले घटेको छ ।

आइतबारको कारोबारमा ४६ कम्पनीको सेयर मूल्य बढ्दा १९३ कम्पनीको सेयर मूल्य घटेको नेप्सेले जनाएको छ । विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्य आइतबार सबैभन्दा बढी ६.६६ प्रतिशतले बढेको छ । सबैभन्दा बढी घट्नेमा अपर सांग्री हाइड्रोपावर लिमिटेडको सेयर मूल्य ९.९९ प्रतिशत रहेको छ ।

आइतबार सबैभन्दा बढी एनएलजी इन्स्योरेन्स कम्पनीको १५ करोड ९२ लाख ३० हजार रूपैयाँबराबरको कारोबार भएको छ । कारोबार भएका सेयर संख्याका आधारमा अपि पावर कम्पनी लिमिटेडको चार लाख ८७ हजार ४४१ कित्ता सेयर किनबेच भएको छ ।

# वाणिज्यमन्त्री भण्डारीको चेतावनी–

# राजमार्गमा होटल खोलेर यात्रु ठग्ने छुट छैन

**काठमाडौं (प्रस)–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले राजमार्गका होटल व्यवसायीहरूलाई यात्रु ठग्ने काम बन्द गर्न चेतावनी दिएका छन् । देशैभरका मुख्य राजमार्गका होटलहरूबाट यात्रुले निकै सास्ती खेपिरहेको गुनासो विगतदेखिको नै भए पनि पछिल्लो समय झनै बढेको उनले बताए । उनले यसअघि नै होटल तथा रेस्टुरेन्ट व्यवसायीलाई सचेत गराइसकिएको बताए ।

'मुख्य राजमार्गमा होटलहरूले यात्रुमाथि लुट मचाएका छन्, विगतमा कसैले कारबाही प्रक्रिया अगाडि नबढाए पनि म यसमा 'एक्सन' लिने तयारीमा छु, होटलहरूको मनपरी छ, सार्वजनिक यातायात सञ्चालकको पनि यसमा मिलेमतो प्रस्टै देखिन्छ, यो कुरा सह्य हुँदैन, एकान्तमा वा जंगलमा होटल खोलेर यात्रु ठग्ने कुरा पाच्य छैन, मन्त्रालय कारबाहीका लागि अगाडि बढ्नुपर्ने अवस्था आइसक्यो,' चेतावनी दिँदै मन्त्री भण्डारीले भने ।

शुक्रबार मन्त्रालयमा आयोजित होटल तथा रेस्टुरेन्ट व्यवसायीसँगको एक कार्यक्रममा उनले अब राजमार्गमा होटल चलाउने भए प्रस्टरूपमा सबैले देख्ने गरेर मूल्यसूची राख्नुपर्ने बताए । मूल्यसूची नराखेर यात्रु ठग्ने मनसाय भए उनले त्यस्ता होटललाई बन्द गरिने चेतावनी दिए ।

मन्त्री भण्डारीले भने, 'खाना तथा नास्ता खाने ठाउँमा राजमार्गका होटलवाला र यातायात सञ्चालकले चर्को मूल्य असुलेर नराम्रो व्यवहार गर्ने गरेको व्यापक जनगुनासो मन्त्रालयमा आएको छ, गुनासोकै आधारमा हामी कारबाही प्रक्रिया अगाडि बढाउँछौं ।'

वाणिज्य मन्त्रालय र मातहतका निकायमा राजमार्गका होटलमा यातायात सञ्चालक तथा होटलहरूको मिलेमतोमा यात्रुमाथि लुट मचाएको भन्ने व्यापक जनगुनासो बढेकाले छिट्टै सो मन्त्रालयको अगुवाइमा समस्या समाधानका लागि सरोकारवाला मन्त्रालयका प्रतिनिधि सम्मिलित बैठक राखिने मन्त्री भण्डारीका स्वकीय सचिव आनन्द भट्टले जानकारी दिए ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ